# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क १० पूर्णाङ्क ५९ | २०७४ भदौ ५ गते सोमबार | Monday, August 21, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## अध्यक्षमा उम्मेदवारी दिने निर्णय

**वर्गदृष्टि संवाददाता**

काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघको सम्पन्न केन्द्रीय कार्यालयको विस्तारित बैठकले अध्यक्ष इन्द्र राउतलाई नेपाल पत्रकार महासंघको आसन्न २५ महाधिवेशनमा अध्यक्षको पदमा उम्मेदवार बनाउने निर्णय गरेको छ। बैठकले लिएका निर्णहरू सार्वजनिक गर्न महासंघका उपाध्यक्ष नारायण पंगेनीले बुधबार जारी गरेको वक्तव्यको पूर्णपाठ यस्तो छ :

'क्रान्तिकारी पत्रकार महासंघ केन्द्रीय कार्यालयको २०७४ भदौ १ गते बुद्धनगरमा बसेको विस्तारित बैठकले पत्रकारहरूको साझा संगठन नेपाल पत्रकार महासंघको आसन्न २५ औं महाधिवेशनमा श्रमजीवी पत्रकारहरूको हक अधिकार र रक्षाका लागि अध्यक्षसहित उम्मेदवारी दिने निर्णय गरिएको छ ।

हाम्रो संगठन क्रान्तिकारी पत्रकार महासंघले श्रमजीवी पत्रकारहरूको हकहितका पक्षमा आवाज उठाउँदै आएको छ। नेपाल पत्रकार महासंघमा प्रमुख तीन राजनीतिक दलको सिण्डिकेट लाद्ने र पार्टी कार्यकर्ताको ...बाँकी ६ पेजमा

# हाम्रा विरूद्ध माकेले अच्चाकली गर्दैछ : अध्यक्ष किरण

## 'अवसरवादी र गद्दारहरूसँग अब बदला लिनु पर्छ'

**वर्गदृष्टि संवाददाता**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य'किरण'ले क्रान्तिको प्रक्रियामा देखापरेका अवसरवादी र गद्दारहरूसँग क्रान्तिकारीहरूले बदला लिनुपर्ने कुरा बताउनु भएको छ । रामवृक्ष तथा दोरम्बा स्मृति कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष वैद्यले यस्तो कुरा बताउनु भएको हो । क्रान्तिकारी माओवादीको ३ नं. प्रदेशले शुक्रबार ललितपुरको कुपण्डोलमा आयोजना गरेको उक्त कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष किरणले भन्नुभयो,'अब राजनैतिक तथा फौजी कार्यदिशा ठोस गरेर जान हामी पार्टीको राष्ट्रिय सम्मेलनमा जुटेका छौं, क्रान्तिको प्रक्रियामा देखिएका अवसरवादी र गद्दारहरूसँग क्रान्तिकारीहरूले बदला लिनु पर्दछ ।'

प्रचण्ड नेतृत्वको माओवादी केन्द्रलगायतका दक्षिणपन्थी संशोधनवादी तथा अवसरवादीहरूले क्रान्तिकारी पार्टीहरूलाई सिध्याउन कसरत गरिरहेको भन्दै उहाँले भन्नुभयो, 'प्रतिक्रियावादी कम र दक्षिणपन्थी अग्र भागमा रहेर हामीलाई सिध्याउन लागिपरेका छन् ।'

कांग्रेसले अच्चाकली गरेका कारण बन्दुक उठाएर जनयुद्ध लड्नु परेको परिस्थितिको स्मरण गर्दै अध्यक्ष किरणले अहिले माओवादी केन्द्रले आफूहरूमाथि अच्चाकली गरिरहेको दावी गर्नुभयो । उहाँले माकेका




नेताहरूतर्फ इंगित गर्दै भन्नुभयो, 'हामीले सँगै जनयुद्ध लडेका हौं, हामी मरेका छैनौं । प्रतिक्रियावादी र अवसरवादीहरूका विरुद्ध संघर्ष गर्दै फेरि क्रान्तिको झण्डा उठाउने प्रण गर्दै आएका छौं ।'

कांग्रेस, एमाले, माकेले मुलुकका हरेक क्षेत्रमा तीन दलीय अधिनायकवादी शासन ...बाँकी ६ पेजमा

## असोज २ मा हुने निर्वाचन आचारसंहिता लागू

काठमाडौं । आगामी असोज २ गते हुने भनिएको प्रदेश २ को स्थानीय तहको निर्वाचनका लागि निर्वाचन आचारसंहिता लागू भएको छ ।

निर्वाचन आयोगका अनुसार सरकार र मन्त्रीहरू, राजनीतिक दल, सम्वन्धित स्थानीय तह, सार्वजनिक संस्था, सुरक्षा निकाय, निर्वाचनमा संलग्न कर्मचारीलाई आचारसंहिता लागू हुनेछ ।

यसैगरी सञ्चारमाध्यम, निजी तथा गैरसरकारी संस्था, सार्वजनिक पद धारण गरेका व्यक्तिलाई पनि आचारसंहिता लागू हुनेछ। उम्मेदवारको हकमा २१ गतेबाट आचारसंहिता लागू हुनेछ ।

आचारसंहिता लागू भएपछि कर्मचारीको सरुवा, बढुवा, नियुक्ति, अनुदान, सर्वेक्षण लगायत गतिविधि गर्न रोक लागेको छ। यस्तै विकास निर्माणका लागि भन्दै आकर्षक नयाँ कार्यक्रम थप गर्न, नयाँ बजेट बाँडफाँड र रकमान्तरमा समेत पाइने छैन ।

निर्वाचन आचारसंहिता उल्लंघन गरेमा निर्वाचन आयोगले मन्त्रीलाई कालोसूचीमा राख्नेदेखि एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

लगातार आचारसंहिता उल्लंघन गर्ने मन्त्रीलाई आगामी ५ वर्षसम्म कुनै पनि निर्वाचनमा भाग लिन नपाउने गरी कालोसूचीमा राख्न सक्ने व्यवस्था पनि गरिएको छ ।

### पोर्चुगलमा २ सय बर्ष पुरानो रुख ढल्दा किचिएर १३ जनाको मृत्यु

एजेन्सी । पोर्चुगलको मडिरा टापुमा भइरहेको धार्मिक समारोहमा एउटा रुख ढल्दा किचिएर कम्तिमा १३ जनाको मृत्यु भएको छ ।

टापुको मुख्य शहर फुङ्सलमा आयोजित रोमन क्याथोलिक पर्वको कार्यक्रमका क्रममा एक्कासी रुख ढल्दा अन्य ४९ जना घाइते भएका छन् । हजारौं मानिस जम्मा भएको स्थानमा रुख ढल्दा केही सवारी ...बाँकी ६ पेजमा

## कस्मिरको हिजबुल मुजाहिद्दीन अमेरिकी आतंकवादीको सूचीमा

एजेन्सी । अमेरिकाले पाकिस्तानको कस्मिरमा विद्रो सञ्चालन गर्दै आएको आएको हिजबुल मुजाहिद्दिनलाई आतंकवादीको सूचीमा राखेको छ ।

अमेरिकाले हिजबुल मुजाहिद्दीनलाई विदेशी आतंकवादी संगठन तथा विश्वको आतंवादी गुट घोषणा गरेर उसमाथि प्रतिबन्ध लगाएको हो ।

अमेरिकी विदेश विभागले मुजहिद्दीनलाई आतंकवादी संगठनमा राखिएको घोषणा गर्दै अमेरिकी वित्तीय संस्थामा रहेका यो संगठन तथा नेताका सम्पत्ती रोक्का गरिएको तथा कारोबारमा प्रतिबन्ध लगाइएको जनाएको छ ।

यस्तै मुजाहिद्दीन विरुद्धको कारवाही अभियानमा अमेरिकी सुरक्षाकर्मी तथा अरु सरकारी निकायको सहयोग मिल्ने पनि उल्लेख गरिएको छ । मुजाहिद्दीनले पाकिस्तान प्रशासित कस्मिरमा आफ्नो गतिविधि चलाउँदै आएको छ ।

यसअघि सन् १९९७ मा अमेरिकाले हरकतुल मुजाहिद्दीन र सन् २००१ मा लस्करे तोयवा र जैसे मोहम्मदलाई पनि चरमपन्थी गुटको सूचीमा राखेको थियो ।

हिजबुल मुजाहिद्दीनले भारतको प्रशासित कस्मिरमा भएका कयौं चरमपन्थी हमलामा जिम्मेवारी ...बाँकी ६ पेजमा

## महासंघको अध्यक्षतामा ५ जनाको उम्मेदवारी

● **वर्गदृष्टि संवाददाता**

काठमाडौं । नेपाल पत्रकार महासंघको महाधिवेशनमा अध्यक्ष पदको लागि पाँच जनाले उम्मेदवारी दिएका छन् । काठमाडौंमा हिजोबाट शुरु भएको २५औं महाधिवेशनमा क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्रबहादुर राउत, प्रेस चौतारीबाट तीर्थ कोइराला, प्रेस युनियन एवं प्रेस सेन्टरबाट संयुक्त उम्मेदवार गोविन्द आचार्य, स्वतन्त्र उम्मेदवारहरु उजिर मगर र भावना विद्रोहीले अध्यक्ष पदमा उम्मेदवारी दिएका छन् ।

त्यस्तै उपाध्यक्ष पदमा दिपक पाठक, राधिका पौडेल र विपुल पोखेलले उम्मेदवारी दिएका छन् । महासचिव पदका लागि बालकृष्ण बस्नेत र रमेश विष्ट उम्मेदवार बनेका छन् । त्यसैगरी खुल्ला सचिवमा दीपेन्द्र कुँवर, भूपराज



खड्का, रामप्रसाद दाहाल र रुद्रप्रसाद भट्टले उम्मेदवारी दर्ता गराएका छन् । महिला सचिवमा लक्ष्मी पुन र कृष्णा पौडेल रहेका छन् भने आदिवासी जनजाति सचिवमा उदय जीएम र तीर्थ राज राई छन् । यसैगरी मधेशी सचिव अतिश कुमार मिश्र र शितल प्रसाद महतोले उम्मेदवारी दिएका छन् भने दलिततर्फ रेमबहादुर विश्वकर्मा र हेमकर्ण वि.क. प्रतिस्पर्धी रहेका छन् । एशोसियटका तर्फ सचिवमा प्रकाश थापा र महेन्द्रप्रसाद भट्टराईले उम्मेदवारी दर्ता गरेका छन् । यसरी नै कोषाध्यक्ष पदमा खगेन्द्र पन्त र राजेश विष्टले उम्मेदवारी दिएका छन् ।

त्यसैगरी लेखा समिति संयोजकमा रामहरि सिलवाल र रोशन पुरी, लेखा समिति सदस्य खुल्ला पदका लागि भुपेन्द्र आचार्य र सरोजकुमार मिश्र खिलाडी र महिला पदका बबिता शर्मा, मीरा राजभण्डारीले उम्मेदवारी दिएका छन् ।

महाधिवेशनको उद्घाटन प्रधानमन्त्री शेरबहादुर देउवाले गर्नु भएको थियो । महासंघका अध्यक्ष महेन्द्र विष्टको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा सूचना तथा सञ्चारमन्त्री मोहनबहादुर बस्नेतसहित राजनैतिक दलका प्रतिनिधिहरुको उपस्थिति थियो । कार्यक्रममा कृष्णप्रसाद भट्टराई राष्ट्रिय पत्रकारिता पुरस्कारबाट पत्रकार विजयकुमार पाण्डेय र गोविन्द वियोगी राष्ट्रिय पत्रकारिता पुरस्कारबाट पत्रकार भैरव रिसाललाई पुरस्कृत गरिएको थियो । तीन दिनसम्म चल्ने महाधिवेशनले देशभित्र र देश बाहिर गरी १५ सय प्रतिनिधिहरुले ४५ सदस्यीय नयाँ नेतृत्व चयन गर्दैछन् ।

## तातोपानी नाका खोल्न अरनिको राजमार्ग स्तरोन्नति गर्ने समझदारीमा हस्ताक्षर

काठमाडौ । भुकम्पपछि बन्द रहेको तातोपानी नाका खुलाउने योजना अनुसार चीनले अरनिको राजमार्ग स्तरोन्नतीसहितका परियोजनामा खर्च गर्ने गरी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

अरनिको राजमार्ग स्तरोन्नती र रसुवागढीमा पक्की पुल निर्माणका लागि एक अर्व आरएमवी अर्थात करीव साढे १५ अर्व रूपैया खर्च गर्ने आर्थिक तथा प्राविधिक सहयोग सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको अर्थसचिव शान्तराज सुवेदीले जानकारी दिए ।

भुकम्पपछिको पुनर्निर्माणका लागि चीनले घोषणा गरेको तीन अर्व आरएमवी मध्ये एक अर्व सन २०१६ मा खर्च भएको थियो भने सन २०१७ मा एक अर्व खर्च हुनेछ । बाँकी एक अर्व सन २०१८ मा खर्च गर्ने गरी अर्को समझदारी हुनेछ ।

उपप्रधान एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्री बिजयकुमार गच्छादार र चिनिया उपप्रधानमन्त्री वाङ याङ वीच दुई पक्षीय वार्तापछि उनीहरूकै उपस्थितिमा मंगलबार भएका तीन समझदारीपत्र मध्ये आर्थिक तथा प्राविधिक सहयोग सम्बन्धी समझदारी एउटा हो । समझदारीपत्रमा दुवै मुलुकका अर्थसचिवले हस्ताक्षर गरेका छन् ।

पेट्रोलियम, ग्यास र खानीको अन्वेषणका लागि चीनले सर्वेक्षण गर्न दुई अर्व नेपाली रूपैया चिनिया सहयोग प्राप्त हुने अर्थसचिव सुवेदीले जानकारी दिए । हस्ताक्षर भएको तेस्रो समझदारीमा नेपालमा चिनिया लगानी अभिबृद्धि सम्बन्धी रहेको छ । साथै छिमेकी देश चीनले बाढी पहिरो पिडितको लागि १० लाख डलर सहयोगको घोषणा गरेका छन् ।

देजमोद्वारा श्रद्धाञ्जली एवं समवेदना ब्यक्त

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले केही दिन यतादेखि अविरल वर्षासँगै आएको विनाशकारी बाढी पहिरोमा परी ज्यान गुमाएका ब्यक्तिहरू प्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजन प्रति गहिरो समवेदना एवं दुःख ब्यक्त गरेको छ ।

साथै बेपत्ताहरूको यथासिघ्र खोजी कार्य, उद्धारको लागि सरकारसँग माग तथा आमपंक्तिलाई परिचालनको लागि आव्हान पनि गरेको छ ।

मोर्चाका केन्द्रीय अध्यक्ष सी. पी. गजुरेलद्वारा जारी प्रेश विज्ञप्तिमा घाइतेहरूको सिघ्र स्वास्थ्य लाभको कामना सहित सम्पूर्ण पिडितहरूलाई यथासिघ्र राहत, पुनर्स्थापना र उचित व्यवस्थाको माग पनि नेपाल सरकार सित गरेका छन् ।

विज्ञप्तिमा भारतले नेपाल-भारत सीमामा एकलौटी ढंगले बाँधेको ...बाँकी ८ पेजमा

## अखिल (क्रान्तिकारी) को संगठन विस्तार अभियान तीव्रता

काठमाडौ । अखिल (क्रान्तिकारी) को संगठन विस्तार तथा सुदृढीकरण अभियान कार्यक्रम अनुसार चामुण्डा मावि- जोरपाटी नारायणटार, बौद्ध महेन्द्र मावि-बौद्ध, विश्वनिकेतन मावि-त्रिपुरेश्वर, पद्मोदय मावि-पुतलीसडक, विजयस्मारक मावि-डिल्लीबजार र नमूना मच्छिन्द्र मावि-लगनखेलमा मुल ईकाई समिति गठन गरिएको छ ।

चामुण्डा माविमा सन्तोष वि.क. को अध्यक्षतामा ४१ सदस्यीय मुल ईकाई समिति गठन गरिएको छ । समितिको उपाध्यक्षमा दावा तामाङ, आपुसा स्याङ्ताङ र तिलक तामाङ, सचिवमा सुनिता राई र सनु माया तामाङ, सहसचिवमा अन्जीला कार्की, पार्वती लामिछाने र कोषाध्यक्षमा मनिता श्रेष्ठ रहेका छन् ।

त्यसै गरी बौद्ध महेन्द्र माविमा सन्जीव तामाङ "वैरागी" को अध्यक्षमा २१ सदस्यीय मुल ईकाई समिति गठन गरिएको छ । समितिको अन्य पदाधिकारीहरूमा उपाध्यक्षमा दिपा निरौला, सचिवमा विवस तामाङ, सहसचिवमा आरती मगर र धिरन श्रेष्ठ तथा कोषाध्यक्षमा विना चौधरी चयन भएका छन् ।

पद्मोदय माविमा सुदिप खड्काको अध्यक्षतामा ३५ सदस्यीय मुल ईकाई समिति गठन गरिएको छ । समितिको अन्य पदाधिकारीहरूमा उपाध्यक्षमा मुना दर्नाल र संगिता रम्तेल, सचिवमा करुणा तामाङ, सहसचिवमा शुमिरा बस्नेत, कविता कार्की र सरिता ठकुरी तथा कोषाध्यक्षमा सुरेन्द्र श्रीपाइली चयन भएका छन् ।

विजयस्मारक माविमा इन्द्रमणी चौलागाईको अध्यक्षतामा ३३ सदस्यीय मुल ईकाई समिति गठन गरिएको छ । समितिको अन्य पदाधिकारीहरूमा उपाध्यक्षमा अनिश चापागाई, नरेश आचार्य र आसिक तीमलसीना, सचिवमा सावित्री थापा, सहसचिवमा धन बहादुर राजभण्डारी, अशोक कुमार माझी, सर्मिला सुनुवार र मेनुका तामाङ तथा कोषाध्यक्षमा सन्तोष सुन्दास चयन भएका छन् ।

विश्वनिकेतन माविमा सविन ...बाँकी ८ पेजमा

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## सम्पादकीय

### प्रधानमन्त्रीको भारत भ्रमण र राष्ट्रियताको सवाल

प्रधानमन्त्री शेरबहादुर देउवा यही भदौ ७ गते भारत भ्रमणमा जाँदै हुनुहुन्छ । उहाँको भारत भ्रमण यस्तो समयमा हुन गइरहेको छ कि नेपालको भारतको सीमासँग जोडिएको तराईको अधिकांश भूभाग डुबानमा परेको छ । सयौंको ज्यान गएको छ । हजारौं जनताको घरबास गुमेको छ । गाँसबास नपाएर भारत सीमा नजिकका जनता विचल्ली अवस्थामा बाँचिरहेका छन् । यो डुबान भारतले नेपालको सीमा नजिक एकतर्फी रूपले निर्माण गरेको बाँधको कारणले भएको हो ।

भारतले नेपालको सीमा नजिक नेपाली भूमि डुबान हुने गरी एकतर्फी रूपले जुन बाँध र बाटाहरू बनाइएको छ, त्यसको नेपाली देशभक्त जनता, राजनीतिक पार्टी र संघसंस्थाहरूले विरोध गर्दै आएका छन् । नेपाली जनताले ती बाँधहरू भत्काउनुपर्ने र अब नेपाली भूमि डुबान हुने गरी बाँध र बाटाहरू बनाउन नहुने, दुई देशको सहमतिमा मात्र बाँध र बाटाहरू बनाउनुपर्ने कुरा सरकारसँग जोडदार रूपमा राख्दै आएका छन् । तर, यसभन्दा पहिले जति पनि नेपालका प्रधानमन्त्रीहरू भारत जानुभयो, उहाँहरूले नेपाली जनताको आवाजको प्रतिनिधित्व गर्ने भन्दा पनि उल्टै असमान र राष्ट्रहित विपरीत सन्धिसम्झौताहरू गर्दै आए । कोशी, गण्डकी, टनकपुर, महाकाली, अपर कर्णाली, अरुण तेस्रो र विप्पा आदि सन्धिसम्झौताहरू यसका उदाहरणहरू हुन् । त्यसबाहेक नेपालको सीमानजिक भारतले एकतर्फी रूपले बनाएको बाँध र उच्च बाटाहरूले गर्दा नेपाली भूमि प्रत्येक साल डुबानमा पर्ने गरेको छ । नेपालमा ठूलो धनजनको क्षति भइरहेको छ ।

प्रधानमन्त्री भारतमा जाँदा नेपाली जनताले पाउने यस प्रकारको कष्टबाट मुक्त हुने खालको सन्धिसम्झौता तथा समझदारी बनोस् भन्ने नेपाली जनताले चाहन्छ । यसपालीको प्रधानमन्त्रीको भारत भ्रमणमा विगतका प्रधानमन्त्रीहरूले जस्तै राष्ट्रहित विपरीत कुनै पनि प्रकारको सन्धिसम्झौता नहोस् । पुराना राष्ट्रहित विपरीत भएका सन्धिसम्झौतालाई खारेजी गर्न र पारस्परिक समानताको आधारमा नेपाल राष्ट्रको हितमा सन्धिसम्झौता गर्ने दिशातिर प्रधानमन्त्रीले कदम चाल्नुहुनेछ भन्ने आशा गरिएको छ ।

यदि यो दिशामा प्रधानमन्त्रीले कदम चाल्नु भएन भने देशभक्त राष्ट्रवादी जनताले राष्ट्रिय स्वाधीनताको पक्षमा र विदेशी हस्तक्षेपको विरुद्धमा व्यापक आवाज उठाउने छन् । यो आवाज विदेशी हस्तक्षेपको विरुद्धमा मात्र नभएर स्वयं नेपाल राष्ट्रको हित विपरीत काम गर्ने शासकहरूको विरुद्धमा पनि हुने छ । स्वाभिमानी र राष्ट्रवादी नेपाली जनता राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डता पक्षमा एकढिक्का भएर संघर्ष गरेर मात्रै हाम्रो राष्ट्रियतालाई बचाउन सकिन्छ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com

# माओवादी के आधारविना क्रान्ति सम्भव नइ अछि

*(शहीद रामवृक्ष यादवले ०५० चैत्र २४ गते सिरहा जिल्लाको वस्तीपुरमा दिएको भाषणमा आधारित)*



● रामवृक्ष यादव ●

चैत्र २४ गते एकटा क्रान्तिके उभार लाब बला दिन छलै । आई साम्राज्यवादी संचारमाध्याम सब जे संसार स साम्यवादी विलीन भ रहल छै , संसार मे आब कम्युनिष्टके अस्तित्व नै छै, तई विषयमे गलत नारा सब फूइक रहल छै । तई दिन स ओई नारा पर तामाचा देबबला २०६४ के चैत्र २४ गते छलै और ताहि स हम सब अखनो साम्राज्यवादी सबके जे उ आवाज छै, ओई स हम सब घबराई नै, ओई स पछाडि नै पडी । निश्चत रूप स उ गलत आवाज छै । २०४६ साल चैत्र २४ गते के हम सब एकटा और एही रूपमे लि, जे नेपालमे क्रान्तिकारी जनता सबके संख्या कम नै छै । क्रान्तिकारी सब नेपालमे अधिकांश मात्रामे छै । और ई क्रान्तिकारी भावना नयाँ जनवादी क्रान्तिका सुरुवात करतै, नयाँ जनवादी क्रान्ति लउतै । ई २४ गते ओकर आधार बनतै । ई चैत्र २४ गतेके महत्व अई लेल छै । वर्षमे ३६५ दिन होइ छै लेकिन सब दिनके हम सब महत्व नै दई छियै । मूल-मूल कोनो एहन हमरा-आहांके समाजमे पर्व- तिहार, चाड इत्यादी, जे दिन सब होईछै ओई दिन के हम सब यादगार के रूपमे लई छियई । आई क्रान्तिकारी सब मई दिवसके जे आहांके मजदुर वर्ग सबके लेल संसारके गरीब वर्गके लेल शोषित-पीडित जनताके लेल जे अमेरिकामे रक्तरंजित दिन छलै । मजदुर वर्ग सब रक्तरंजित झण्डा ल क प्रतिक्रियावादी और शासक वर्ग सबके, शोषक वर्ग सबके निर्मूल पारके लेल, ओकर सब स मुक्ति पावके लेल रक्तरंजित झण्डा लक अगाडि बढल छलै । ओई तुलनामे ई चैत्र २४ गते नेपालमे एकटा मई दिवसके रूपमे हेतै और नयाँ जनवादी क्रान्तिके सुरुवात करतै ।

> **"साथी सब ! प्रत्येक पार्टी सबके पास अपन अपन सेना होइछै । आ अइय संसदीय व्यवस्था छै । संसदीय व्यावस्था के जे पक्षधर सब वे छथि, से सब अपना सत्तामे भागीदारी करके लेल, चुनाव लडके लेल, सत्ता प्राप्ति करके लेल ओकरा पासमे सेना छै, सत्ता प्राप्ति करके लेल सेना छै । विपक्ष के पार्टी छै से उहो चुनाव मे गुण्डा सबके सेनाके रूपमे हमरा आहा ! के जे प्रयोग करैय, हमरा सबके जनता के जे मत यै, से जबरदस्ती अपना बक्सामे रखैय त संसदीय व्यावस्था मे जे सुधार लाबके लेल, सुधारके माग क क जनता के, किछ द दक ठग के लेल, सत्ता प्राप्ति के लेल, कुर्सी पर जाइके लेल, भी उ सब जनसेना के प्रयोग करै छै त हम सब त एकटा सत्तामे आमूल परिवर्तन क क ऐ सत्ता के प्राप्ति क रहल छि, जे सत्ता हम आहा ! किसान-मजदुर के हातमे राख चाही रहल छि, ओई सबके लेल जौ अपना सबके सेना नै बनतै, प्रत्येक नेपाली जे लड के लेल तयार नै हेतै, तै प्रतिक्रियावादी के हम सब नै किछ क सकै छि ।"**

साथी सब ! अई चिज के प्राप्त करनेके लेल हमरा आहां के सामने विभिन्न समस्या सब छै । आई राष्ट्रिय रूपमे कम्युनिष्ट आन्दोलन पर विभिन्न प्रकारके संकट सब आइब रहल छै, विभिन्न प्रकारको दुःख सब आइब रहल छै । विभिन्न प्रकारके भ्रम सब आइब रहल छै ।

आदरणीय कमरेड सब ! हमरा सबके भ्रम जाल स मुक्ति पावके लेल जबतक हम सब अई भ्रमजालके तोडबैनै और राजनीति कहै छै कथी से, ओई चीजके गहराईपूर्वक नै बुझबै और तहुमे कम्युनिष्ट राजनीति कहल चिज की छै, वाम आन्दोलन कहल चिज कि छै, अई चिजके जबतक हम सब गम्भीरता के साथ नै लेबै और अई मे किछ हम सब अपन समय नै देबै, तबतक हम सब क्रान्तिके सुख पाइबनै सकै छी ।

आई हमर साथी सब, पूर्व प्रवक्ता साथी सबकिछ बता गलैथ, सात सालमे अईय क्रान्ति भेलै, ०३६ सालमे अईय जनआन्दोलन भेलै, ०४६ सलके दिन स क्रान्तिके रूपमे लोक कहैछै,"लेकिन हम सब अईय प्राप्त कयने छि । राजनीतिक रूप स मात्र परिवर्तन त कि भेलै ? लेकिन जनताके समस्या गाँस, बाँस और कपासके समस्या जे छै, ओ हमरा सबके यथावत अई । ताईके लेल कम्युनिष्ट आ खास क क आहाँके संयुक्त जनमोर्चा नेपाल अई चिजके जनता के समक्ष लावके लेल अपनाके अगाडि लाइबरहल छ, और जनता के ई बुझादेब चाहछै कि अखनतक के जे परिवर्तन सब भेलैय ओ खास परिवर्तन किछ नै छै। राजनीतिक परिवर्तन छै, और अई चीजमे अई परिवर्तन स हमरा आहांके समस्या दुर नै भ सकैय । हमरा सबके अई देश मे चाही आमूल परिवर्तन । आमूल परिवर्तनके अर्थ होइ छै, जे 'एक वर्गके शोसक और समन्तवर्गके पुँजीपति और दलाल, नोकरशाह वर्ग सबके हातमे जे ई सत्ता छै, और अई सत्तामे आमूल परिवर्तन क क जै दिन किसान-मजदुर आ सर्वहाराके हातमे सत्ता अयतै नयाँ जनवादी क्रान्ति ओई दिन पूरा हेतै, और नेपालके क्रान्तिकारी शक्ति सब, नेपाली जनता सब असल दिन के प्राप्त क सकतै ।'

साथी सब ! आब नया जनवादी क्रान्ति के लेल हमरा सबके तयार होनाई अनिवार्य अई लेकिन अहुँमे नेपालके क्रान्तिकारी आन्दोलनमे, अन्तर्राष्ट्रिय जगतमे विभिन्न विचार सब आइब रहल छै । एक तरफ साम्राज्यवादी सब हाँक द रहल छै कि संसारमे कम्युनिष्ट विलिन भ गेलै, लेकिन एक तरफ कम्युनिष्ट आन्दोलन संसारमे जीवित छै, कम्युनिष्ट संसार मे छै । क्रान्ति हेतै कहिक एक तरफ फेरु 'तृतीय इन्टरनेश्नल'के बाद अखन संसारमे एकटा 'रिम' कहल संस्था छै, जे संसारके कम्युनिष्ट आन्देलनके नेतृत्व क रहल छै ।

रिम कहल क्रान्तिकारी संयुक्त जनअन्दोन छै और उक्त क्रान्तिकारी आन्दोलन जे संसारमे छै, संसारके प्रत्येक देशके कम्युनिष्ट पार्टी आ क्रान्तिकारी पार्टी सबके नेतृत्व क रहल छै । रिमके कथनानुसार, ' आब संसारमे यदि क्रान्ति हेतै त निश्चित रूप स माओवादके 'माइन' क जाय पड्तै, यदि कोनो कम्युनिष्ट पार्टी माओवादी से अलग रहिक क्रान्ति कर चाहै छै, से सम्भव नै छै । और संसार क कोनो भि समयमे माओवाद के आधारविना क्रान्ति सम्भव नै छै ।' हमरा देशमे भि विभिन्न गुट उपगुट सब, विभिन्न पार्टी सब हमरा देशमे क्रान्ति के नारा ल क आइब रहल छै । हमरा नेपालके एकटा बहुत विशाल पार्टी कहवला ने.क.पा. (एमाले), जे छै ओ छै, 'बहुदलीय जनवाद' के नारा लक अयलैथ, और जनताके भ्रममे पाइर रहल छथिन । हम कहै छियै, बुद्धिजीवि जनता सब आ सचेत जनता सब सामान्य, अखन त हमर ओकर व्याख्या कक ओतेक नइ जा सकै छि । समयके अभाव अई । लेकिन हम कहै छि बहुदलीय जनवादके नारा जे छै, उ नारा स्पष्ट भ रहछै कि नेपाली कांग्रेस आ एमाले मे कोनो त फरका नै छै । बहुदलीय जनवाद ओकर, अंग्रेजी शब्द छै आहाँके 'मल्टी डेमोक्रेसी', डेमोक्रेसी के मतलव प्रजातन्त्र होई छै और जनवाद होई छै । कांग्रेस के भि प्रजातन्त्र के नारा छै, एमाले के भि प्रजातन्त्रके नारा आइब रहल छै । आब कहतकी नाम त एक छै, लेकिन ओकर कामके फरक छै । त काममे फरक त हमर पूर्व वक्ता साथी सब बहुत कि छ अपने लोकनि के समक्ष वक्ता चुकलै थ । हम जे कहै छि कांग्रेसके काम आ एमालेके काम मे कोनो तफरका नै छै ।

आई वर्ग संघर्ष के मार्क्सवाद, लेनिनवाद, माओवाद के जे प्राण छै, ओ (एमाले) वर्ग संघर्ष के नीति स हइट रहल छै, आ वर्ग समन्वयके तरफ अगाडि बढी रहल छै । पटक-पटक हुनकर व्यावहारिक अनुभव हमसब देख चुकल छि, नेपालमे जब जब आन्दोलन चरम सीमापर बढ लेल चाही रहल छई, ओई समयमे आईबक प्रतिक्रियावादी सत्ताधारी सबके साथे सब सम्झौता करै छै आ नेपाली जनताके धोखा दै छै । मदन भण्डारी आ जीवराज आश्रित के मृत्यु पर हमरा सबके शोक नई, हमरा सबमे दर्द नई, एहनबात नई छै । हमसब ओहुके एक दर्द के रूपमे लेने छलीऐ और अई के लेल शक्तिके साथ हमरासबके आन्दोलनमे आब पडलै । हमरा सबके बीचमे सम्झौता त भेल छल । एमालेके साथी सब ठाँब-ठँव पर जाक कहले छथिन, जे ऐ शोक के हम सब शक्ति मे परिणत करब, लेकिन जहाँ मदन भण्डारी, जीवराज आश्रित के मृत्यु बला हुनकर एकटा प्रमुख माङ्ग जे छलै, तै माङ्गोके छोइर देलथिन । वास्ताविक रूप स हुनकर एकटा प्रमुख माङ्ग जे छलै, तै माङ्गके अखन तक पुरा नई कराब सकने छै । अखन त उपलब्धि हुनका नई भेटरहल छै । आब पुनः कहि रहल छथि, वो हम आन्दोलन मे आयब । निश्चित रूप स आन्दोलनमे हुनका आबही परतइन और हमरा सबके सहयोग लेबही परतइन, लेकिन आन्दोलनके यदि क्रान्तिकारी धारके साथ अगाडि बढाक नई ल जैथिन त हम सब आब धोखा खाय बला नई छि आ नेपाली जनता धोखा खाय बला नै छै । साथी सब ! बात रहल ओ से एहन हमरा आहाँके बीच मे कम्युनिष्ट शक्ति सब छै, वामशक्ति सब छै, जे हमरा आहाँके भ्रम पाइर रहल छै । आइ नेपालमे अल्पकालीन जनयुद्ध होतै कहिक बरसो स नारा छै । वैधानिक संघर्ष अगाडि बैढिक जेतै जनतामे चेतना हेतै, आई ४५ वर्षके इतिहासमे छै, अँहु सब ओई इतिहासके भुक्तभोगी छी । ओई के पछाडि पछाडि परल छि, लेकिन जब बहुत कठिनाई, बहुत संघर्ष, लम्बा यात्रा इत्यादि सब चीज स हम सब भुगतलियै त हमरा सबके ई अनभव भेल ग कि नेपालमे सब यदि जनताके मुक्ति मिलतै त दीर्घकालीन जनयुद्ध और ग्रामीण वर्ग संघर्षद्वारा मिलतै । जै चिजके नेतृत्व नेकपा (एकता केन्द्र) (हालको माओवादी) क रहल छै । और हम संयुक्त जनमोर्चा नेपाल, एकता केन्द्र के हिमायति छि । और हुनकर संघर्ष अगाडि बढैक जाउ, और जनताके मुक्तिके रास्ता पर ल जाउ, हमरा सब के कामना अछि । हर समय उनका हम सब सहयोग कर लेल तयार छि । क्रान्तिकारी साथी सब ! हमर देश गाउँए-गाउँए स भर देश छै, किसान आ मजदुर स भरल देश छै । लेकिन हमरा सब के बीचमे एकता नै भरल अछि । किसान आ मजदुरके समस्या वास्ताविक जे छै, से हमअहाँ नै बुझि रहल छि ।

अईय के सामान्य वर्ग सब, पुँजीपति वर्ग सब जे छथि, हमरा आहाँ के बीच मे फरक बनादेने अछि । किसान के समस्या मजदुर नइ बुझि रहल छि । मजदुर के समस्या किसान नइ बुझि रहल छि । लेकिन, नयाँ जनवादी क्रान्ति, जे हतै से किसान आ मजदुर के बीच मे एकता कायम भ क मात्र नयाँ जनवादी क्रान्ति हेतै । या यै देशमे किसानो के बाहुल्य छै । किसानके समस्या सब देखु त पञ्चायत स हम सब बहुदल व्यवस्था अयलै, बहुदलीय व्यवस्था किसान-मजदुर समस्या के हल करतै कहैत सब गर्व स नेपाली जनता छाती फुलौलक । बाद मे कि भेलै ? पञ्चायतो कालमे जे मालपोत, जे वृद्धि नै भेल रहै । जई प्रकारक मालपोत नई रहैलगैत रहै ओई प्रकारके मालपोत के भार हमरा अहाँ के शिर पर पहुँच चुकल अछि । किसानके क्षतिग्रस्त कर के लेल और सफल बनाब के लेल उत्पादनमे विकास कर के लेल हमरा आहाँ के सहयोग पर खाद्य मल, बिउके प्राप्ति नई भ रहल छै, इत्यादि । एक तरफ किसान-मजदुर अइ तरह स मइर रहल छै, दोसर तरफ हमरा देश के प्रत्येक युवा वर्ग सब के आब अइय रहके ठाउँ नै भेट रहल अछि । ओई गाउँ घरमे रह के हुनका सब के स्थिति नै भ रहल छै । किसान के उत्पादन मे ह्रास भ रहल छै । आ मजदुर के मजदुरी नै भ रहल छै । महंगाई आहाँ के एते लाइद देने छै कि चाइर किलो मजदुरी स हुनका पूर्ती नै भ रहल छै । आई हमरा गाउँघर के युवक सब आपना मा के, बहन के, बालबच्चा के त्याइग क पत्नी के त्याइग क कोइ पंजाव जाइ छै, कोइ दिल्ली जाइ छै, कोइ असाम जाइ छै, कोइ गाउँ के छोडि क सहर मे प्रवेश क रहल छै । काइल्ह के भविष्य ई गाउँके कि हेतै, हमरा आहाँ के प्रमुख मुद्दा ई बनी क आइब रहल छै । ताइ के लेल संयुक्त जनमोर्चा नेपाल अपने लौकैन स ई आग्रह क रहल अइ और अई ल क युवक शक्ति सब से ई आग्रह क रहल अछि कि आहाँ सब बम्बइ आ कलकलता के ठाउँ, बम्वइ आ कलकता के जे दृश्य छै, से छोडक प्रयास करु, आ पुनः देश मे अपना गाउँमे बैसु, आ-अपना गाउँके जे हालत जे छै, से सुधार करके लेब आहाँ सबके संयुक्त जनमोर्चा नेपालके निर्देशन मे, एकता केन्द्रके निर्देशनमे आहाँ सब के संगठित होब परत आ नेपालमे नयाँ जनवादी क्रान्ति करके लेल दीर्घकालीन जनयुद्ध के रास्ता से ग्रामीण वर्ग संघर्ष चाला वैत जेहन संघर्ष आहाँके हमसब बुईझ रहल छि रोल्पा मे भ रहल छै, ओई प्रकारे जबतक आहांके युवक वर्ग सब हातहतियार उठाबके लेल तैयार नै हेतै, निश्चित रूप स देशमे परिवर्तन हैतै । उ कथित परिवर्तन हेतै ।

साथी सब ! प्रत्येक पार्टी सबके पास अपन अपन सेना होइछै । आ अइय संसदीय व्यवस्था छै । संसदीय व्यावस्था के जे पक्षधर सब वे छथि, से सब अपना सत्तामे भागीदारी करके लेल, चुनाव लडके लेल, सत्ता प्राप्ति करके लेल ओकरा पासमे सेना छै, सत्ता प्राप्ति करके लेल सेना छै । विपक्ष के पार्टी छै से उहो चुनाव मे गुण्डा सबके सेनाके रूपमे हमरा आहाँ के जे प्रयोग करैय, हमरा सबके जनता के जे मत यै, से जबरदस्ती अपना बक्सामे रखैय त संसदीय व्यावस्था मे जे सुधार लाबके लेल, सुधारके माग क क जनता के, किछ द दक ठग के लेल, सत्ता प्राप्ति के लेल, कुर्सी पर जाइके लेल, भी उ सब जनसेना के प्रयोग करै छै त हम सब त एकटा सत्तामे आमूल परिवर्तन क क ऐ सत्ता के प्राप्ति क रहल छि, जे सत्ता हम आहाँ किसान-मजदुर के हातमे राख चाही रहल छि, ओई सबके लेल जौ अपना सबके सेना नै बनतै, प्रत्येक नेपाली जे लड के लेल तयार नै हेतै, तै प्रतिक्रियावादी के हम सब नै किछ क सकै छि ।

अई ४५ वर्षके नेपाल कम्युनिष्ट पार्टी के इतिहास ई बताइब रहल छै कि हम सब सेनाविहीन छि, ताई के लेल आइयके युवा वर्ग सबके अपना गाउँके, अपना सहरके, अपना देशके यदि विकास चाहि रहल छै, अइमे प्रतिक्रियावादी सब के मुहतोड उत्तर देबके लेल चाहि रहल छै हुनका हात स सत्ता लेब चाहि रहल छै, गरिब के दुनियाँ बसाब चाहि रहल छै आ प्रत्येक युवाके आब गाउँ मे सेनाके रूपमे तयारी भ क लडाकु शक्तिके रूपमे तयारी भ क आब परतै ।


कमरेड ! अई चीजके याद ई चैत्र २४ गते दिला रहल छै । और हमरा सबके अन्तर्राष्ट्रिय जगत से भि हमरा सबके सहयोग प्राप्त अछि । हमरा सबके एकटा निर्देशन भेट रहल अछि ओइ निर्देशनके अगाडि राखिक हम सव जौ चलि त, निश्चित रूप छै जे हम सब एकटा नयाँ दिन देख पायव ।

साथी सब ! विषयवस्तु औरो छै, समयके अभाव छै, दूर-दूर अपने लोकनी के जाई के छै । तै के लेल नयाँ जनवादी क्रान्ति कर के लेल जे प्रमुख रासता छै और अई चैत्र २४ गते के इ महत्व छै । अई चिज के हम अपने सबके समक्ष रखैत अई क्रान्तिके दौरान जते ज्ञात-अज्ञात सहिद सब जे छै जयगेविन्द कमरेड, जय गोविन्द साह ,क. बासुदेव ढाकुर, इत्यादि के रास्ता पर हम सब चलि, इ स्मरण दिलाबैत हम अपन दु शब्द कहै रहल छि । धन्यवाद !

उत्सर्ग' नामक पुस्तकबाट, बर्मझिया

*(आदरणीय मास्टरसाहेव रामवृक्ष यादवको सम्झनामा)*

# नेपाली कम्युनिष्ट आन्दोलनको संक्षिप्त सिंहावलोकन



● हस्तबहादुर के.सी. ●

आज नेपाली कम्युनिष्ट आन्दोलनले ६८ वर्ष पार गरिसकेको छ । यति लामो ऐतिहासिक अबधिमा यस आन्दोलन भित्र वर्ग संघर्ष र दुईलाइन संघर्ष, अन्तः संघर्षका अनेकौं जटिल, बाङ्गाटिङ्गा र कहालीलाग्दा घुम्तिहरू रहेका छन् । यद्यपि यो आन्दोलन लामो समय पहिलेदेखि अनेकौ समूह-उपसमूहहरूमा विभाजित अवश्यै रह्यो । अतः सारमा यस आन्दोलनभित्र क्रान्तिकारी धारा र संशोधनवादी दुई परस्परविरोधि धाराकै बिचको द्वन्द्व प्रमुख बनेर आयो ।

आज नेपाली कम्युनिष्ट आन्दोलनको दक्षिणपन्थी, सुधारवादी-संशोधनवादी धारा, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र)ले आफूलाई विजातीय कित्तामा सामेल गर्दै दक्षिणपन्थी एवम् आधुनिक संशोधनवादी धारामा गुणात्मक ढंगले फड्को हान्न पुग्यो र यसको विपरीत नेपाली कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी धारा नेकपा (क्रान्तिकारी माओवादीले) आज मार्क्सवादी-लेनिनवादी-माओवादीका रूपमा गुणात्मक ढंगले विकसित हुँदै महान् सशस्त्र जनयुद्ध र शान्तिप्रक्रियामा सामेल हुँदै वर्तमान सन्दर्भमा विगतमा भएका विभिन्न जनआन्दोलन, सशस्त्र संघर्ष र मुख्यतः जनयुद्धको आधार तथा अनुभवमाथि ध्यान दिंदै नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको कार्यदिशा अवलम्वन गर्दै महान् नेपाली नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्ने कठिन, जटिल प्रक्रियामा फड्को मार्ने स्तरमा पुगेको छ । यस बीचमा यो धाराले पहिलो ऐतिहासिक संविधानसभामा भाग लिएर 'सामन्तवाद तथा साम्राज्यवाद विरोधी जनताको संघीय गणतन्त्रात्मक संविधान' निर्माण गरेर नेपाली क्रान्ति सम्पन्न गर्ने कार्यदिशा अवलम्वन गर्न पुग्यो । तर यस कार्यमा प्रतिक्रियावादी र संशोधनवादीहरूको षड्यन्त्रका कारण त्यसलाई विघटन गरेर कथित दोस्रो संविधानसभा निर्वाचन सम्पन्न गरेर प्रतिगामी एवम् पश्चगामी संविधान बनाउने उद्देश्यका साथ अगाडि बढेपछि यो क्रान्तिकारी धाराले २०७० साल मंसिर ४ गते सम्पन्न गरेको कथित दोस्रो संविधानसभा निर्वाचन सशक्त ढंगले बहिस्कार गर्ने तात्कालिक कार्यदिशा अबलम्बन गर्न पुग्यो र त्यसबाट २०७३ असोज ३ गते घोषणा गरिएको संविधानलाई प्रतिगामी घोषणा गर्न पुग्यो र त्यसको खारेजी गरेर जनगणतान्त्रिक संविधान निर्माण गर्ने दिशातिर अगाडि बढ्ने क्रममा हालै सम्पन्न गरिएका कथित स्थानीय तहको निर्वाचनलाई क्रान्तिको तयारी गर्ने सहायक साधनको रूपमा उपयोग गर्ने उद्देश्यले हालै सम्पन्न गरिएको कथित स्थानीय तहको निर्वाचनलाई उपयोग गर्ने तात्कालिक कार्यदिशा अवलम्बन गरेर अगाडि बढिरहेको छ । यो नै क्रान्तिको द्वन्द्ववाद हो ।

हामी क्रान्तिकारी कम्युनिष्टहरूले नेपालको इतिहासको अध्ययन गर्न जरुरी छ । नेपाली समाजको अध्ययन गर्न जरुरी छ । नेपाली कम्युनिष्ट आन्दोलनको अध्ययन गर्न र ६८ वर्षे नेपाली कम्युनिष्ट आन्दोलनको सिंहावलोकन गर्न जरुरी छ ।

सन् १९१७ अक्टुबर २५ मा सम्पन्न भएको महान् रुसी अक्टुबर समाजवादी क्रान्ति, सन् १९४९ अगस्ट १ मा सम्पन्न भएको महान् चिनियाँ नयाँ जनवादी क्रान्ति तथा भारतको तेलङ्गनामा सञ्चालन भइरहेको सशस्त्र संघर्षको प्रभाव र नेपाली क्रान्तिको ऐतिहासिक आवश्यकताका बीचबाट २००६ साल वैशाख १० गते अर्थात् २२ अप्रिल १९४९ मा नेपालमा कमरेड पुष्पलालको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भयो ।

नेपालमा कम्युनिष्ट पार्टीको स्थापना हुनु एक युगान्तकारी परिघटना थियो । यसले २००६ साल वैशाख १२ गते पहिलो पर्चा प्रकाशित गरेको थियो भने १५ सेप्टम्बर १९४९ मा पार्टीको पहिलो घोषणापत्र प्रकाशित गरेको थियो । त्यही बेला नै नेपाली समाजको स्वरूप अर्धसामन्ती तथा अर्धऔपनिवेशिक भएको संश्लेषण गर्दै नेपालमा सामन्तवाद, साम्राज्यवाद तथा भारतीय एकाधिकारवादका विरुद्ध जनवादी राज्यसत्ता स्थापना गर्नु पर्ने कुरा बताइएको थियो । २००८ सालमा पहिलो राष्ट्रिय सम्मेलन सम्पन्न गरिएको थियो र क. पुष्पलाललाई महामन्त्रीमा निर्वाचित गरिएको थियो । प्रथम राष्ट्रिय समेलनेमा नयाँ जनवादी कार्यक्रमका रूपमा पार्टीको आधारभूत कार्यक्रम ठोस गरिएको थियो र पार्टीको न्यूनतम लक्ष्य नयाँ जनवाद र अधिकतम लक्ष्य वैज्ञानिक समाजवाद तथा साम्यवादलाई बनाइएको थियो ।

२०१० सालमा पार्टीको पहिलो राष्ट्रिय महाधिवेशन सम्पन्न भयो । यस महाधिवेशनबाट पुष्पलाललाई हटाएर राजवादी रुझान राख्ने मनमोहन अधिकारीलाई महामन्त्रि बनाइयो । २०१० साल माघ २६ गते तत्कालिन नेपाली कांग्रेसको सरकारले कम्युनिष्ट पार्टी माथि प्रतिबन्ध लगायो ।

२०१३ साल वैशाख ३ गते महामन्त्री मनमोहन अधिकारीले पार्टीले राजाको वैधानिक अधिनायकत्वलाई अंगिकार गर्ने पत्र पठाएपछि २०१३ वैशाख ४ गते सरकारले ५ वर्षदेखि लगाउँदै आएको प्रतिबन्ध हटाइ दियो । त्यसदिनदेखि नेपाली कम्युनिष्ट आन्दोलन भित्र दक्षिणपन्थी संशोधनवादलाई विधिवत रूपमा प्रवेश गराइयो ।

२०१४ सालमा दोस्रो राष्ट्रिय महाधिवेशन सम्पन्न गरियो । राजतन्त्र पक्षधर डा. केशरजंग रायमाझीलाई महामन्त्री बनाइयो । महाधिवेशनमा नयाँ जनवादको पक्षपोषण गरिए पनि दस्तावेजमा उल्लेख गरिएन । तर गणतन्त्रको नारा भने पारित गरिएको थियो । २०१५ सालको पहिलो संसदीय आम निर्वाचनमा पार्टीले भाग लिने निर्णय गरियो र चार सीट जित्नमा सफल भयो ।

२०१७ साल पुस १ गते राजा महेन्द्रद्वारा गरिएको फौजीकाण्ड पश्चात २०१७ फाल्गुनमा भारतको दरभंगामा नेकपाको केन्द्रीय प्लेनम आयोजित गरिएको थियो । त्यहाँ राजनीतिक कार्यनीतिका रूपमा संविधानसभाको निर्वाचनलाई स्वीकार गरियो । तर त्यसलाई केन्द्रीय समितिले मानेन । २०१९ सालमा सम्पन्न पार्टीको तेस्रो महाधिवेशनमा पार्टी भित्र रुसी आधुनिक संशोधनवादको प्रभाव बढ्न गयो । आधारभूत राजनीतिक रूपमा 'राष्ट्रिय प्रजातन्त्र' र मूल राजनीतिक कार्यनीतिका रूपमा सर्वसत्तासम्पन्न सार्वभौम संसदलाई स्वीकार गरियो । दरबारपरस्त डा. रायमाझीलाई गद्धार घोषणा गरेर पार्टीबाट निष्काशन गरियो र तुल्सीलाल अमात्यलाई महासचिव बनाइयो । तेस्रो महाधिवेशन पश्चात पार्टी भित्र तीब्र दुईलाइन संघर्ष चल्यो । यस प्रक्रियामा तुलसीलालको 'कुन बाटो' र पुष्पलालको 'मूल बाटो' का बिच तीव्र विवाद भयो । रूपमा मूल बाटो केही सकारात्मक जस्तो देखिए पनि सारमा दुबैका बिच तात्विक अन्तर थिएन । यसै क्रममा अर्थात २०२१।२०२२ तीरबाट पार्टी विभिन्न समूहमा विभाजित भएर छिन्न भिन्न हुन पुग्यो ।

पार्टीमा विभाजनको त्यस प्रक्रियामा मूलतः दक्षिणपन्थी संशोधनवादी धारामा : १) राजतन्त्रवादी रायमाझी समूह तथा २) ख्रुश्चोभ पक्षीय राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम स्वीकार्ने तुलसीलाल समूह देखा परे भने क्रान्तिकारी धारामा मार्क्सवाद-लेनिनवाद-माओविचारधारा तथा नयाँ जनवाद पक्षधर पुष्पलाल समूह देखा परे ।

नयाँ जनवाद पक्षधर १) २०२५ सालमा पुष्पलाल समूहले भारतको गोरखपुरमा दोस्रो राष्ट्रिय सम्मेलन गऱ्यो र नयाँ जनवादी क्रान्तिको कार्यक्रम पारित गऱ्यो । पुष्पलाललाई महासचिवमा निर्वाचित गऱ्यो । २) २०२८ सालमा झापामा सशस्त्र विद्रोह गर्ने समूह तथा ३) २०२८ सालमा केन्द्रीय न्यूक्लियस गठन गरि २०३१ सालमा चौथो महाधिवेशन सम्पन्न गर्ने समूहका रूपमा विकसित हुन पुगे ।

२०३१ सालमा चौथो महाधिवेशन सम्पन्न भयो । यसमा नयाँ जनवादको आधार भूत राजनीतिक कार्यक्रम र देशभक्त तथा जनतान्त्रिक शक्तिहरूको सरकारको मूल राजनीतिक कार्यनीति पारित गरियो । यस महाधिवेशनबाट मोहनविक्रम सिहंलाई महामन्त्री बनाइयो । २०२८ सालमा सशस्त्र झापा विद्रोह गर्ने समूहले २०३२ सालमा कोअर्डिनेशन कमिटी कोके माले समूह गठन गरेर अगाडि बढ्यो । यस समूहले जनवादलाई मूल राजनीतिक कार्यनीति तय गऱ्यो । २०३५ साल साउन ७ गते पुष्पलालको निधन भयो । पुष्पलाल समूहले आफ्नो नीतिमा कुनै फेरबदल गरेन । कोअर्डिनेशन कमिटी (कोके माले)ले २०३५ पुस ११ गते पार्टी पुनर्गठन गर्न पुग्यो र मूल राजनीतिक कार्यदिशा नयाँ जनवादलाई कायमै राख्यो र मार्क्सवाद-लेनिनवाद-माओविचार धारालाई पथप्रदर्शक सिद्धान्त अंगिकार गर्ने नीति लियो ।

अर्कोतिर चौममा पार्टीभित्र क्रान्तिकारी र अवसरवादी पक्षबीच अन्तरसंघर्ष चल्दै गयो । यस प्रकारका अन्तरसंघर्षहरूमा कैयौं अस्वस्थ प्रकारका थिए । यसैक्रममा २०३७ वैशाख २० गते सम्पन्न जनमत संग्रहमा बहुदलको पक्षमा जाने नीति स्वीकार गरियो । त्यसैक्रममा विश्वमा सञ्चाल भइरहेका विभिन्न समाजवादी देशहरू सहित चीनमा प्रतिक्रान्ति भएको कुरा पनि स्वीकार गरियो । अन्ततः अस्वस्थ दुईलाइन संघर्षका साथै कतिपय वैचारिक मतभेदका कारण पार्टी विभाजन भयो । लामा समूह अलगियो । नेकपा

(मशाल) गठन गरियो । २०४१ सालमा



पार्टीले पाचौं राष्ट्रिय महाधिवेशन सम्पन्न गऱ्यो । नयाँ जनवाद तथा दीर्घकालिन जनयुद्धमा आधारित आम कार्यदिशा पारित गरियो । देशभक्त तथा जनतान्त्रिक शक्तिहरूको सरकारको मूल राजनीतिक कार्यदिशालाई हटायो । सत्ता जनतामा हस्तान्तरणको राजनीतिक कार्यनीति स्वीकार गऱ्यो ।       त्यसभित्र पनि दुईलाइन संघर्ष सुरु भयो । अस्वस्थ दुईलाइन संघर्ष र कतिपय वैचारिक मतभेद कारण पार्टी पुनः दुई समूह-नेकपा (मशाल) र नेकपा (मसाल) मा विभाजन हुन पुग्यो ।

यस क्रममा नेपाली कम्युनिष्ट आन्दोलनमा विभाजन र उपविभाजनका क्रम अझै अगाडि बढे । पुष्पलाल समूहमा विभाजन प्रक्रिया अगाडि बढ्यो । राष्ट्रिय साँस्कृतिक मोर्चा, रोहित समूह, रूपलाल समूह आदि बने । पुष्पलालबाट अलगिएको राष्ट्रिय मुक्ति मोर्चा समूह झापा विद्रोह समूहबाट बनेको माले सुमहमा आबद्ध हुन पुग्यो । यस क्रममा विभिन्न खाले एकीकरण र ध्रुवीकरणका प्रक्रिया पनि अगाडि बढे ।

२०४६ सालको ऐतिहासिक जनआन्दोलनपश्चात यस प्रकारको ध्रुवीकरण र एकीकरणको प्रक्रिया तीव्र रूपमा अगाडि बढ्यो । यसै क्रममा एकातिर २०४७ साल पुष ११ गते नेकपा (माले) र नेकपा

(मार्क्सवादी) का बीच एकतामै नेकपा (एमाले) बन्न पुग्यो भने अर्कोतिर नेकपा (मशाल), नेकपा (चौम), अर्थात लामा समूह, सर्वहारावादी श्रमिक संगठन तथा विद्रोही मसाल मिलेर एकीकरण प्रक्रिया अगाडि बढ्यो । २०४८ सालमा नेकपा (एकता केन्द्र) निर्माण भयो । यसले २०४८ सालमा एकता महाधिवेशन गरि मार्क्सवाद-लेनिनवाद-माओवाद, लाई पथप्रदर्शक सिद्धान्त अंगिकार गर्ने र नयाँ जनवाद तथा दीर्घकालिन जनयुद्धको कार्यदिशा अंगीकार गऱ्यो ।

त्यसै क्रममा एमाले भित्र क्रान्तिकारी तथा अवसरवादी पक्षका बिचमा भीषण दुईलाइन संघर्ष चल्यो र अन्ततः २०४९ माघमा आयोजना गरिएको पाँचौं राष्ट्रिय महाधिवेशनबाट मदन भण्डारीले प्रस्तुत गरेको जनताको बहुदलीय जनवाद पारि गरियो र नयाँ जनवादलाई परित्याग गरी बहुदलीय जनवादको संशोधनवादी कार्यक्रम तथा कार्यदिशा अंगीकार गर्न पुग्यो ।

दीर्घकालिन जनयुद्धको प्रक्रियामा जाने वा नजाने भन्ने विषयमा गम्भीर मतभेद पैदा भई २०५१ सालमा नेकपा (एकता केन्द्र) विभाजित हुन पुग्यो र दीर्घकालिन जनयुद्ध पक्षधरद्वारा नेकपा (माओवादी) गठन हुन पुग्यो । लामा समूह एकताकेन्द्र मै रहयो ।

नेकपा (माओवादी) ले २०५२ साल फाल्गुन १ गतेदेखि महान् जनयुद्धको ऐतिहासिक पहल गऱ्यो । दश वर्षसम्म सञ्चालन गरिएको जनयुद्धले रणनीतिक रक्षा र सन्तुलनको चरण हुदै प्रत्याक्रमणको चरमा अगाडि बढ्यो । अस्थायी आधार इलाकाहरू बने । जनसत्ता र जनमुक्ति सेनाको निर्माण भयो । दश वर्षे जनयुद्धले देश भित्र मात्र होइन बाह्य मुलुकहरूमा पनि राम्रो प्रभाव पाऱ्यो ।

२०६२ को चुनवाङ बैठकले दीर्घकालीन जनयुद्धको मूल राजनीतिक कार्यनीतिका रूपमा लोकतान्त्रिक गणतन्त्रको कार्यदिशा अगीकार गरी १२ बुदे सहमति, विस्तृत शान्ति सम्झौता तथा जनयुद्धको परित्याग, संविधानसभाको दुई पटक निर्वाचन, जनमुक्ति सेनाको विघटन र प्रतिक्रियावादी सेनभित्र विलप लगायतका परि घटनाहरू पार्टीको मूल नेतृत्वबाट घटाइयो । यसै प्रक्रियामा पार्टीमा भीषण दुईलाइन संघर्ष चल्यो र दक्षिणपन्थी नव संशोधनवादीसित सम्बन्ध विच्छेद गरी २०६९ असा २-५ गतेको बौद्ध भेलाबाट नेकपा माओवादी गठन गरियो । नेपाली क्रान्तिको यो निकै महत्वपूर्ण ऐतिहासिक परिघटना थियो । यस पश्चातः पार्टीमा विभिन्न दुईलाइन संघर्ष, विभाजन, एकीकरण र ध्रुवीकरणका विभिन्न प्रक्रिया अघि बढ्दै आएका छन् ।

नेकपा-माओवादी हुदै नेकपा (क्रान्तिकारी माओवादी) को पुनगठन हुन पुग्यो यसले मालेमावादको पथप्रदर्शकमा महान नेपाली नयाँ जनवादी क्रान्तिका बाँकी कार्यभार पुरा गर्ने उद्देश्यका साथ अगाडि बढि रहेको छ भने दक्षिणपन्थी नवसंशोधनवादमा पतन हुन पुगेको एमाओवादी हुदै माओवादी केन्द्र विचारविहिन भएर प्रतिक्रियावादी सत्ताको नेतृत्व समेत गर्न पुग्दै अहिले विघटनको संघारमा पुगेको अवस्था छ । झापा विद्रोहबाट अगाडि बढेर माले-एमाले हुँदै आएको एमाले यो समूह प्रतिक्रियावादी बन्न पुगेको छ ।

महान् नेपाली नयाँ जनवादी क्रान्ति र महान् जनयुद्धले गम्भीर प्रकारको धक्का खानु परेको छ । क्रान्तिले यस प्रकारको धक्का खानुका पछाडी एकातिर दक्षिणपन्थी अवसरवादीहरूमा विद्यमान आत्मसमरणवाद तथा क्रान्तिप्रतिको गद्धारी र अर्कोतिर स्वयम् कम्युनिष्ट क्रान्तिकारीका कमीकमजोरी तथा सीमाजस्ता कारणहरूले पनि काम गरेका छन् । आज दक्षिणपन्थी संशोधनवाद नेपाली क्रान्तिको निम्ति मुख्य बाधक बन्दै आएको छ ।

६८ वर्षको लामो नेपाली कम्युनिष्ट आन्दोलनलाई फर्केर हेर्दा र यसको सिंहावलोकन गर्दा के निष्कर्ष पुग्न सकिन्छ भने यस आन्दोलनभित्र विभिन्न बहानाबाजी र तिकडम गर्दै घुस्न सफल भएको दक्षिणपन्थी अवसरवादलाई जरैदेखि उखेलेर नफ्याकेसम्म, नयाँ ढंगको क्रान्ति पार्टी निर्माण गर्न र क्रान्तिलाई लक्ष्यसम्म पुऱ्याउन सम्भव छैन । इतिहासले सिकाएको पाठ पनि यही नै हो । रुस, चीन लगायतका देशहरूमा पनि पार्टी भित्र मौलाएका दक्षिणपन्थी अवसरवादी झारपातहरूलाई फ्याकेपछि मात्र नयाँ ढंगका क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माण गरेर क्रान्ति सम्पन्न गरिएको इतिहास छ ।

आज हाम्रो देशमा पनि एकता, ध्रुवीकरणका प्रक्रियाहरू चलिरहेका छन् । एकता र ध्रुवीकरणका बारेमा पनि बहस चल्ने गरेका छन् । हामी क्रान्तिकारी माओवादीहरूले यो एकता, ध्रुवीकरणका प्रक्रियामा सही विचारधारात्मक राजनीतिक कार्यदिशामा आधारित रहेर सबै क्रान्तिकारी समूह उपसमूहहरूलाई एकताबद्ध तुल्याउने प्रयत्न गरेर मात्र नेपाली कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी धारालाई एकताबद्ध तुल्याउन र दक्षिणपन्थी अवसरवादी तथा संशोधनवादी धारालाई परास्त गर्न सकिने छ ।

मार्क्सवाद-लेनिनवाद- माओवाद, नयाँ जनवाद, नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोह, जनवादी केन्द्रीयताको सही अभ्यास लगायतका मान्यतामा आधारित रहेर उच्च स्तरको नयाँ एकताका आधारमा नयाँ ढंगको कम्युनिष्ट पार्टी निर्माण गरेर मात्र साम्राज्यवादी भूमण्डलीकरणको प्रक्रिया तेजीका साथ अगाडी बढिरहेको सन्दर्भमा यी सबै चुनौतीहरूको सामना गर्दै अगाडि बढ्ने प्रतिबद्धता नै आजको क्रान्तिकारीहरूको मुख्य दायित्व बन्न पुगेको छ ।

नेपाली कम्युनिष्ट आन्दोलनको लामो इतिहासबाट क्रान्तिकारीहरूले शिक्षा लिन जरुरी छ ।

१) जन्मको शैवकालदेखि नै यो आन्दोलन दक्षिणपन्थी संशोधनवादी र संसदवादको दलदलमा फस्दै आएको छ । यो नै नेपाली क्रान्तिको बाधक बन्दै आएको छ । वर्तमान नेपाली कम्युनिष्ट आन्दोलनमा दक्षिणपन्थी संशोधनवाद र संसदवाद एउटै तीर बनेर बलवान बनि रहेका छन् । यो नै नेपाली क्रान्तिको बाधक तत्व बन्दै आएको छ । किनकि प्रतिक्रियावादी सरकारमा पार्टी दर्ता गर्ने कम्युनिष्टहरूले क्रान्तिको नेतृत्व गर्न सक्तैनन् । उनीहरू वैचारिक रूपले बन्ध्याकरण भइसकेका हुन्छन् ।

२) लामो समयदेखी नेपाली कम्युनिष्ट आन्दोलन फुट र विभाजनको शिकार बन्दै आएको छ, फुटको मुख्य कारण विचारधारा, राजनीति तथा कार्यदिशा नै रहने गरेको प्रष्ट हुदै आएको छ । तर कतिपय प्रसंगमा असैद्धाान्तिक तथा अराजनीतिक हिसाबले पनि फुट हुन गरेका उदाहरणहरू पनि छन् ।

३) यस आन्दोलनभित्र दक्षिणपन्थी अवसरवाद प्रभावी बन्न गएको कारण त्यसले सिर्जनशीलता र मौलिकताको नाममा क्रान्तिकारी कार्यकर्ताहरूको ठूलो हिस्सालाई भ्रमित तुल्याउदै आएको छ । त्यसले जडसूत्रवादको विरोधको नाममा अनुभववाद र दक्षिणपन्थी संशोधनवादलाई अँगाल्ने गरेको छ ।

४) यहाँ महत्वपूर्ण शिक्षा लिन कुन कुरामा जरुरी छ भने क्रान्तिका लागि क्रान्तिकारी सिद्धान्त, राजनीति तथा नेतृत्वको विशेष महत्व हुन्छ । पार्टीमा सही र गलतबीचको संघर्षको प्रक्रियामा क्रान्तिकारीहरू यी विषयहरूबारे सचेत बन्न आवश्यक हुन्छ । यसमा क्रान्तिकारीहरूबाट कमीकमजोरी रहदै आएका छन् ।

५) क्रान्तिका लागि क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माण गर्नु क्रान्तिकारी कम्युनिष्टहरूको मुख्य दायित्व हो । क्रान्तिकारी विचारधारा र कार्यदिशाका आधारमा क्रान्तिकारीहरूले क्रान्ति गर्न योग्य, अनुशासित तथा एकताबद्ध नयाँ ढंगको पार्टी निर्माणका लागि क्रान्तिकारीहरूले विशेष प्रयत्न गर्नु पर्ने हुन्छ तर यस कार्यमा क्रान्तिकारीहरूबाट पनि कमी कमजोरी रहदै आएका छन् ।

अन्त्यमा क्रान्तिका लागि एकीकृत क्रान्तिकारी कम्युनिष्ट पार्टीको निर्माण आवश्यक छ । तर यो कार्य सही क्रान्तिकारी कार्यदिशा र क्रान्तिकारी व्यवहारद्वारा मात्र सम्भव छ ।

# आदिवासी जनजाति आन्दोलन र ३ ज को मुद्दा



सीताराम तामाङ

**१) विषय उठान**

आज विश्वभरि नै आदिवासी आन्दोलन उठिरहेकोछ। वास्तवमा यो मात्र यस्तो आन्दोलन हो जो विश्वभरि छरिएका र पिछडिएका मानव-जातिले संयुक्तरूपमा आफ्नो पहिचान र ज ३ को अधिकारको निम्ति लडिरहेकाछन् । विश्वभरि नै प्रभुत्वशाली जातिहरू र राज्यहरूबाट दबाईएका /हेपिएका र सीमान्तकृत हुँदै गएका मानव-समुदायहरू यो आन्दोलनमार्फत एकीकृत भएका छन् र शक्ति जम्मा गर्दैछन् ।

विगत ५०० वर्षभन्दा अघिदेखि नै औपनिवेशिक शक्तिहरूद्धारा सुरु गरिएको विश्वभरिकै आदिवासीहरूमाथिको उत्पीडन अद्यापि जारी नै छ । प्रभुत्वशाली जाति, राज्य र वहुराष्ट्रिय कम्पनिहरूद्धारा उनीहरूको भूमि तथा प्राकृतिक श्रोतको कब्जा र सांस्कृतिक तथा प्राकृतिक वातावरणको ध्वंश गरिएको छ र गरिदैछ । वास्तवमा साम्राज्यवादी नव-उदारवादी आर्थिक नीतिको बाहक विश्व बैक,ए.डि.वी, आई.एम.एफ, लगायतका वहुराष्ट्रिय कम्पनिहरू, द्धारा विश्वका आदिवासी जनजातिका परम्परागत ज्ञान, जैविक विविधता, भूमि र अन्य प्राकृतिक श्रोतहरूमाथि कब्जा र ब्यापारीकरण तीव्र पारिएको कारण यो समस्या अझ गम्भीर बनेको स्थिति छ ।

विश्वका ७०भन्दा बढी देशहरूमा छरिएर रहेका आदिवासीहरूको संख्या हाल ३० करोडभन्दा माथि रहेको मानिन्छ । भाषा,संस्कृति र भौगोलिक विविधतासँगै संसारमा ५,००० भन्दा बढी आदिवासी जनजातिका समुह, उप-समुह बनेका छन् । एसिया सबैभन्दा ठूलो महादेश हो जहाँ विश्वको कूल जनसंख्याको४५प्रतिशत मानिस बस्तछन् । स्वभाविकरूपमा आदिवासीहरूको ठूलो संख्या पनि यहीं रहेकोछ । चीन र भारतमा मात्रै आदिवासी जनजातिहरूको संख्या १८करोड रहेको छ । म्यान्मार र नेपाल जस्तो साना देशहरूमा पनि यो संख्या १,१ करोड भन्दा माथिछ ।

आदिवासीहरू विश्वमै धान, गहुँ, जौ, आलु, फापर, मरिच, गेडागुडी, उखु, मुला, गोल्भेडा, आदिको प्रथम उत्पादक हुन, विश्वमै ७५ प्रतिशत औषधीका बोट विरुवा बचाईराखेका छन् र विश्वलाई धेरै भाषा तथा संस्कृतिको योगदान दिएका छन् । आज तिनै आदिवासीहरू प्रभुत्वशाली जाति र राज्यको भाषा, संस्कृति र धर्मको दवावमा परेका छन् ,धेरै संख्या आफ्नो आदिभूमि र प्राकृतिक श्रोतबाट विस्थापित भएकाछन् र कतिपयले अस्तित्व नै गुमाउन पुगेका छन् । यसरी विश्वभरि फैलिएका र झण्डै झण्डै एकै प्रकारका समस्याहरूबाट शोषित, पीडित बनेका आदिवासी जनजातिहरूको समस्या धेरै पुरानो र गम्भीर प्रकृतिका छन् । नेपालका आदिवासी जनजातिका समस्या पनि धेरै पुरानो हो । ई.१५००तिरदेखि एकथरी युरोपेलीहरूले अफ्रिकालाई उपनिवेश बनाए, त्यहाँको भूमि र प्राकृतिक श्रोतहरू कब्जा गरे । आदिवासीहरूको दास- ब्यापार गरियो । करिब त्यहीसमयदेखि नै अर्काथरी युरोपेलीहरूले दक्षिण र उत्तर अमेरिकामा उपनिवेशिकरणको अभियान आरम्भ गरे । त्यहाँका आदिवासीहरूको भूमि र प्राकृतिक श्रोतलाई कब्जा गरे र संस्कृतिलाई कुल्चिए । तिनका विरोध गर्ने आदिवासीहरूलाई र्षी तजभ तचष्दभ बलम दगषम त्जभ ल्वतष्यल को नीति लागु गरे ।

अष्ट्रेलियामा १८औं शताब्दीमा गोरा उपनिवेशवादीहरू प्रवेश गरे र त्यहाँका आदिवासीहरूमाथि दमनचक्र चलाए । आदिवासी गोरिल्लाहरूले गोराहरूको प्रतिकार गरिरहे । तसर्थ तिनलाई मार्ने काम ई.१९४०सम्म चलिरहयो । चीनमा पनि हाङ जातिबाट अन्य कैयौं जनजातिका जनतालाई दमन र उत्पीडन गरिएको कारण ती आदिवासी जनताहरू अत्यन्त अल्पसंख्यामा परेका थिए । ई.१९४९मा चीनमा जनवादी सरकार आए पछि आदिवासीहरूलाई स्वशासन दिएर रक्षा गरिएकोछ ।

● भारतमा पश्चिम-दक्षिणको आदिम सभ्यता द्रविडजातिको सभ्यता थियो भने उत्तर-पूर्वको सभ्यता मंगोल सभ्यता थियो । तुरानी पठारतिरबाट आएका बञ्जारा (पशुचरुवा) ककेशिएनहरूले द्रविड सभ्यतालाई रसातल पुऱ्याए, द्रविडहरूलाई मारे, मार्न नभेट्टाएकालाई लघारे र पछि भेट्टाएकालाई दास बनाए । ती ककेशियनहरू सुरु गरेका आदिवासी दमन,उत्पीडनको यात्रा अग्रेजहरूको पालासम्म जारी रहयो । अंग्रेज साम्राज्यवादीहरूले त पूर्वका मंगोल आदिवासीहरूमाथि (नेपाल,भुटान,आसाम र वर्मा) समेत दमन,उत्पीडन गर्न भ्याए । दुःखको कुरो अहिलेका सत्ताधारी ककेशियनहरू (आर्यहरू) समेत उनीहरूलाई आदिवासी भन्न तयार छैनन् ।

● भारतमा आएको ११औं शताब्दीको तुर्क मुसलमानी हमलाबाट भाग्न विवश माथिल्ला जातका हिन्दुहरूले वर्तमान नेपाल सरहद पश्चिमी पहाडी भेगमा शरण लिए । उनीहरूको आप्रवाशनको सबैभन्दा ठूलो दुस्परिणाम यो भयो कि परम्परादेखि आदिवासीहरूले आवाद गर्दै आएको जमिन र प्राकृतिक श्रोतमाथिको उनीहरूको स्वामित्व खत्तम हुँदैगयो (सिंह २०४२) ।

● विशेष गरेर, गोर्खाली राज्यको विस्तारबाट वर्तमान नेपालको निर्माण भए पश्चात यहाँका आदिवासीहरूको भूमि र प्राकृतिक श्रोत-साधनका साथै सामाजिक,सांस्कृतिक,भाषिक,धार्मिक एवम् राजनीतिक अधिकार क्रमिक रूपले संस्थागत ढंगबाटै हनन् गरिएका छन् । तसर्थ विश्वका आदिवासीहरूसँग हातेमालो गर्दै नेपालका आदिवासी जनजातिहरू पनि "आदिवासीहरूलाई आत्मनिर्णयको अधिकार हुने" सिद्धान्तको आधारमा जातीय-क्षेत्रीय स्वशासन सहितको संघीयताको आन्दोलनमा जुटेका छन् । संयुक्त राष्ट्र संघको आदिवासीहरूको अधिकार सम्बन्धी विश्व घोषणापत्रले भनेकोछ,"आदिवासीहरूले परम्परादेखि स्वामित्व गर्दै वा ओगट्दै वा प्रयोग गर्दै (खोसिएका भए पुनर्प्राप्ति गर्ने वा क्षेतिपूर्ति प्राप्त गर्ने) आएका जल,जमिन, जंगल र अन्य प्राकृतिक श्रोत,साधनहरूको संरक्षण एवं सुदृढीकरण गर्ने र तत्सम्बन्धी आफ्नो जिम्मेवारीलाई भावी सन्ततिका निम्ति दृढतापूर्वक बहन गर्ने अधिकार हुनेछ"(ई.२००७,भाग ६, अनुछेद २५,२६, २७,२८,२९,३०)।

● आई.एल.ओ.-महासन्धीले (१६९)( १९९८)भनेकोछ, 'सरकारले आदिवासीहरूद्धारा परम्परादेखि हक भोग गर्दै आएको भूमिको पहिचान गरी सो भूमि माथिको स्वामित्व र अधिकारको प्रभावकारी रक्षा गर्नु पर्नेछ' (दफा १४.२) बस यही पहिचान र अधिकारको रक्षाको लडाई नेपालका आदिवासी जनजातिहरू लड् दैछन् ।

**२) आन्तरिक उपनिवेशीकरणमा जनजाति**

कार्ल मार्क्सले भनेका छन् 'सम्पत्तिको पहिलो रूप जनजातीय सम्पत्ति थियो...किनभने प्राचीन संसारमा नातागोता सम्बन्धमा आधारित संगठनको विकल्प थिएन'(आर्थिक पाण्डुलिपिहरू, १८५७-५८)। स्वभावतः आदिवासी जनजातीय उत्पादन सम्बन्धहरू नातागोता सम्बन्ध र सामुदायिक गठबन्धनमा आधारित थिए ।

आदिवासी जनजातिको आफ्नो भूमि,भूक्षेत्र र अन्य प्राकृतिक श्रोत-साधनहरूसँग जुन घनिष्ट र भावनात्मक सम्बन्ध रहन्छ,त्यसबाट सिर्जित सामाजिक र सांस्कृतिक विरासत तथा सामुदायिक भावना भावी पुस्तालाई हस्तान्तरण गर्ने महत्वपूर्ण दायित्व बन्दछ । नेपालको आदिवासी जनजातिहरूको भूसम्पत्तिको पहिलो रूप पनि सामुदायिक भू.स्वामित्व प्रणालीकै थियो । त्यसलाई किपट, रैकन्दी र अन्य नामबाट संचालन गरिन्थ्यो । पृथ्वी नारायण शाहले समेत लिम्बुवानको किपट (१) प्रथालाई लालमोहर लगाएर युगौंसम्म रहने गरेबाट पनि उक्त ब्यवस्था कति बलियो थियो भन्ने बुझ्न सकिन्छ । तर जति जति हिन्दुसत्ता बलियो बन्दै गयो,त्यति त्यति नै आदिवासीहरूको भूमिमाथिको पकड कमजोर पर्दै गयो ।

हिन्दु धर्मशास्त्रानुसार 'नृप' राज्यसीमाभित्रका सम्पूर्ण भूमिको 'भूपति'हुन्छ । त्यसै सिद्धान्तको आधारमा नेपाल सरहदभित्रका सम्पूर्ण भूमिको "भूपति"राजा भए । पृथ्वी नारायण शाहले सुरु गरेको राज्य विस्तारबाट आदिवासी

(१) किपट भनेको भूसम्पत्तिको जातीय रूप हो । मंगोल उद्धवका निश्चित जातिहरूमा किपट भूस्तामित्व रहेको थियो, जस्तो कि

जनजातिहरूको भूस्वामित्व खोसिएको थियो । आदिवासी जनजातिको सामूहिक भावना र प्रचलन ज्यादै बलियो भएको पूर्वी पहाडका र पश्चिम पहाडका केही इलाकालाई छोडेर सम्पूर्ण राज्यभरि "रैकर"भनिने "राज्य जमिन्दारी"९बिलमयिचमष्क०प्रथा कायम गरियो ९च्भनकष,ज्ञढठडस्ज्ञठ०। वास्तवमा यो नै सवैभन्दा महत्वपूर्ण उत्पादनका साधनमाथि सामुदायिक स्वामित्वको अन्त्य गरेर त्यसमाथि मुठ्ठीभर नयाँ शासकवर्गको स्वामित्व कायम गर्ने र आदिवासी-किसानहरू माथि शोषण, उत्पीडन गर्ने प्रकृयाको प्रकटरूप र नयाँ उत्पादन सम्बन्धको एकीकृत,राज्यव्यापीरूपमा,थालनी थियो (भट्टराई,१९९८:१३८)।

नयाँ शासकवर्गको राज्यविस्तारले आदिवासीहरूको जमिन खोस्दै गोर्खाली शाह वंश, छ थरघरका परिवार र सैनिक अधिकृतहरूलाई राज्य-रजौटा, विर्ता, गुठी, जागीर आदिका नाममा जमिन वितरण गर्दै जाने प्रकृयाले नयाँ शासक वर्गीय सामन्ती भूस्वामित्व प्रथाको विकास भयो । त्यसबाट आदिवासी जनजातिहरूले परम्परादेखि भोगचलन गर्दै आएको आफ्नो भूमिमाथि राज्यको अनावश्यक हस्तक्षेपको पीडा भोग्नु पऱ्यो (Seddon,1987:15)। शासकवर्गको यो आन्तरिक उपनिवेशिकरणको नीतिबाट हिन्दु जातका मानिसलाई मुलुकभरि फैलिन मद्दत पुग्यो ।

राणाकालमा सामन्तवादले चरम रूप लियो । यसकालमा तराईमा अपूर्वरूपमा भाईभारदारहरू र अन्य शासकवर्गीय परिवारहरूवीच "विर्ता"जमिन वितरण गर्ने काम गरियो । त्यसले तराईमा जमिन्दारी प्रथाको गहिरो जग बसायो (Regmi,1963:68)। यसरी तराईमा आदिवासी... भूमिप्रथा समाप्त गरियो भने पश्चिम पहाडमा आदिवासीहरूको प्रचलनमा रहेको रैबण्डीप्रथा वीर समसेर राणाको पालामा (ई.१८८८) खत्तम भयो । त्यसरी नै लिम्बुवान बाहेकका किपट प्रथा उन्मूलन गर्ने चन्द्र समसेर राणा (ई.१९१०)अन्तिम बने भने लिम्बुवानको किपट उन्मूलन गर्ने दिशामा पनि उनले कदम

ता. नं -१

| सन् १९५० भन्दा अगाडिको भूस्वामित्वको स्वरूप | | |
|---|---|---|
| **भूस्वामित्वको स्वरूप** | **क्षेत्रफल (हेक्टर)** | **क्षेत्रफल (प्रतिशत)** |
| रैकर | ९,६३,५०० | ५०.० |
| विर्ता | ७,००,०८० | ३६.३ |
| गुठी | ४०,००० | २.० |
| किपट | ७७,०९० | ४.० |
| राज्य,जागीर,रकम,आदि | १,४६,३३० | ७.७ |
| **जम्मा** | **१९,२७,०००** | **१००.०** |

*श्रोतः जमान (१९७३:७)*

ता. नं -२

| राणाकालमा किसान परिवारसँग जोतको स्वामित्व | | |
|---|---|---|
| **जोतको क्षेत्रफल (हेक्टर)** | **परिवार (प्रतिशत)** | **जोतिएको ज. (प्रतिशत)** |
| ०.१५-०.५० | ४६.० | १०.० |
| ०.५०-१.०० | १९.० | १५.० |
| १.००-३.०० | १७.० | ३६.० |
| ३.०० माथि | ८.० | ३९.० |
| **जम्मा** | **१००.०** | **१००.०** |

*श्रोतः* :CBS, Nepal, Agricultural Census, Kathmandu (1962)

चाले/राणाकालीन भूजोतको स्थिति तलका तालिकाहरूले स्पष्ट पार्दछन् ।

ता.नं. ३

आदिवासी जनजाति समूह अनुसार भूस्वामित्वको अवस्था

| जनजातिय समूहहरू | भूमिहीन (प्रतिशत | अर्ध (भूमिहिन) | अत्यन्तै न्युन जमिन भएका | थोरै जमिन भएका | सामान्य जमिन भएका | मध्यम समुह | धेरै जमिनमा खेती गर्ने | जन्मा घरधुरीहरू |
|---|---|---|---|---|---|---|---|---|
| झाँगड , किसान, मुन्डा | ५८.४६ | ४.१ | १०.४४ | ७.०७ | ९.५ | ८.७६ | ०.८६७ | १६,९१० |
| राउटे कुस्बाडिया,कुसन्डा | ४६.१२ | ६.१२ | २०.४१ | १५.५१ | ९.३९ | २.०४ | ०.४१ | २४५ |
| राजवंशी(कोचे),धिमाल, ताजपुरिया, मेचे | ४५.७८ | ६.१२ | १०.८९ | ९.०९ | ११.८५ | १२.८८ | ३.३९ | ३३,५९७ |
| धानुक | ३४.०४ | ७.७९ | २५.६६ | १४.२ | १०.६७ | ६४५ | १.२ | ३३,५९७ |
| शेर्पा, भोटे, वालुङ | ३२.४ | ३.८१ | २०.४५ | १८.२७ | १४.३५ | ८.६७ | २.०४ | ३५,७३१ |
| माझी, बोटे र राजी | ३१.६४ | १५.०७ | २८.९१ | १४.२२ | ७.११ | २.७१ | ०.३३ | १५,००५ |
| गुरुङ | २६.८५ | ६.३६ | ३०.५३ | २१.५ | ११.१ | ३.२५ | ०.४१ | १,१०,५७४ |
| थारु | २२.८३ | ६.३६ | १७.९३ | १५.६५ | १९.२५ | १५.१८ | २.७९ | २,३५,५०० |
| कुमाल, सुनुवार, दनुवार, भुजेल, पहरी, बराम | २०.०४ | १०.५९ | ३२.८३ | ०.२८ | ११.६ | ४.१३ | ५.१ | ७२,७१५ |
| राई | २०.०४ | ४.८९ | २४.९७ | २४.२४ | १७.६९ | ७.४ | ०.७६ | १,२५,२९७ |
| तामाङ | १६.६९ | ६.९३ | ३१.२९ | २६.७३ | १४.१८ | ३.८५ | ०.३२ | २,३९,७५५ |
| लिम्बु | १५.८३ | ४.५७ | २७.०६ | ००.२५ | १८.६७ | ७.९५ | ०.९१ | ६७,९१६ |
| मगर | १४.४१ | ५.८८ | ३३.३३ | २६.५३ | १४.७१ | ४.५१ | ०.६३ | २,९६,३१३ |
| धार्मिक समुहहरू (मुस्लिम, क्रिस्चियन) | ४०.३७ | ६.३९ | १९.५४ | १३.१८ | ११.१९ | ७.४ | १.९४ | १,४९,०३६ |
| नेपाल | २४.४४ | ६.९८ | २७.५९ | २०.१५ | १३.४२ | ६.२५ | १.१७ | १४,७४,३७४ |

पिछडिएका र सीमान्तकृत आदिवासी जनजाति समुहहरू प्रायः भूमिहीन वा अर्ध-भूमिहीन रहेका छन् । करिब ६०प्रतिशत सन्थाल, भाँगड,किसान र मुन्डा समुहका परिवार भूमिहीन रहेका छन् भने,५प्रतिशत समुहहरू अर्ध-भूमिहीन रहेका देखिन्छन् । श्रोतः(वैज्ञानिक भूमिसुधार उच्चस्तरीय आयोग,२०६६ को प्रतिवेदन)।

माथिका तालिकाहरूले पृथ्वी नारायणदेखि राणाकालसम्म आईपुग्दा आदिवासी जाजातिहरूको(पहाड+तराई)ज ३ माथि गम्भीर हस्तक्षेप देखिन्छ :

● आदिवासी जनजातिहरूको जल, जमिन, जंगल (ज३)माथिको परम्परागत अधिकार(किपट४प्रतिशत बाहेक) समाप्त गरिएको देखिन्छ ।

● राज्य जमिन्दारीको (विर्ता, गुठी, जागीर आदि) नाममा नयाँ शासकवर्गलाई ४६ प्रतिशत जमिन वितरण भएको देखिन्छ ।

● नयाँ शासकवर्गीय सामन्ती भूस्वामित्वको विकासले आदिवासीहरू मोही किसानमा (रैती) परिणत भएको देखिन्छ ।

२००७ सालमा (ई.१९५१) राणा शासन ढल्यो । त्यसपछिका सरकारहरूले ल्याएका भूमि सुधार कार्यक्रमहरूबाट आदिवासी जनजातिहरू भूमिबाट अरु बहिष्कृत हुदै गए । २०२१सालको( ई.१९६४)भूमि सुधार कार्यक्रम पछि बचेखुचेको किपट प्रथा पनि अन्त्य गरियो ।किपटको उन्मूलन पछि लिम्बु जातिको भूमिमाथिको सामूहिक स्वामित्वको पनि अवसान भयो ।(२) तराईका जनजाति जमिन पनि जालझेलबाट बाहिरिया मानिसको कब्जामा पुगेकै कारण आदिवासी थारु सामुदायबाटै(पश्चिम तराईमा)ठूलो संख्यामा कमैया र कमलरी बस्नु पर्ने स्थिति बन्यो ।

● आदिवासीहरूले रेखदेख गरेका जंगल, खोलानाला, खानी र अन्य प्राकृतिक श्रोतहरूलाई राज्यले बेलाबखत राष्ट्रिय बन्य जन्तु आरक्षण,बन विकास,पर्यटन विकास, बाँध-पुल,बाटो- घाटो, विजुली, नहर आदि विकासका नाममा क्रमशः हरण गर्दै आदिवासी जनजातिहरूलाई उनीहरूको ज ३ र प्राकृतिक श्रोतहरूबाट विस्थापित गरिएकोछ ।

● उत्तरी क्षेत्रमा बस्ने आदिवासी जनजातिहरूले परम्परागतरूपमै हकभोग गर्दै आएको चरिचरणलाई राज्यले नापीद्वारा ऐलानी बनाएर उनीहरूको भेडा,च्याङ्ग्रा र चौंरी चराउन रोक लगाएको छ भने उनीहरूले( आदिवासीहरूले) स्याउ, जडीबुटी, आदि खेती पनि गर्न नपाउने भएको छ ।

(२) लिम्बु जातिका लागि भूमि उत्पादनको साधनमात्र थिएन,उसको शक्तिको परिचायक पनि थियो । लिम्बु जनजीवन,भूमि र प्राकृतिक श्रोत तथा सम्पदा बीच लिम्बुजातिको सम्बन्धको विच्छिन्नताले भाषा, संस्कृति, धर्ममा विचलनका साथै उसको राजनीतिक तथा आर्थिक शक्ति सम्पूर्णतः समाप्त भयो । किपट उन्मूलन गरिँदा सुभाङ्गी प्रथाको उन्मुलनले लिम्बु जातिको जातीय स्वयत्त शासनको अन्त्य मात्र नभई 'नमासिने राजा' (स.१८३१ सालको लालमोहर)लिम्बु जातिको सधैंको लागि अवसन भयो (बैरागी काइला,२०१०:२६,सम्पा. गणेश गुरुङ,"गरिबी र भूमिसुधार,"काठमाण्डौं:निड्स)।

● सरकारले जंगलको सुरक्षा गर्न नसकेको कारण पुरानो बन मासिन गयो र खोला नाला प्रदुषित हुन गई जङ्गल र खोलामा आश्रित अल्पसंख्यक आदिवासी जनजातिहरूको अस्तित्व नै संकटमा पर्न गयो (जनजाति विकासको जुक्ति-२०५६, ज.वि.स.के.,काठमाडौं)।

● वहुराष्ट्रिय कम्पनिहरूले आदिवासीहरूको परम्परागत ज्ञान र सूचनाहरूलाई आफ्नो फाईदाका लागि शोषण गरिरहेकाछन् । आदिवासीहरूसँग जडीबुटी र अन्य प्रकारका बोटविरुवाहरूको उपयोगितावारे राम्रो ज्ञान हुने हुँदा विदेशी कम्पनिहरूले उनीहरूको ज्ञान र सूचनाहरूलाई आफ्नो नाममा बौद्धिक सम्पत्तिमाथिको अधिकार (Intellectual Property Rights) लिने गरेर समस्या खडा गरेका छन् ।

● आदिवासी जनजाति र भूस्वामित्व/ आदिवासी जनजातिहरूको जमिनमाथिको अधिकार खोसिँदै जाँदा उनीहरूको भूस्वामित्व न्यून हुन पुगेको ब्यहोरा माथिको अध्ययनवाट स्पष्ट हुन्छ । आदिवासी जनजातिभित्र पनि एक जाति समूह र अर्को जातिसमूहको भूस्वामित्वको अवस्थामा भिन्नता रहेको छ । तर समग्रमा भूस्वामित्वको अधिकार दलितपछि आदिवासी जनजातिको न्यून रहेको देखिन्छ ।

विभिन्न आदिबासी जनजातिहरूको भूस्वामित्व सम्बन्धी विवरण निम्नानुसार रहेको छ :

ता. नं -४ गरिबी वितरण

| जातीयताको आधारमा गरिबी वितरण (२०१० | |
|---|---|
| उच्चजात (पहाड) | १७.७ प्रतिशत(क्षेत्री,बाहुन) |
| उच्चजात तराई | १८.९प्रतिशत (तराई) |
| मध्यम जात समुह(तराई) | २९.२ प्रतिशत |
| दलित (पहाड, तराई) | ४२.५ प्रतिशत |
| जनजाति नेवार | १०.४ प्रतिशत |
| जनजाति (पहाड) | २७.६ प्रतिशत |
| जनजाति (तराई) | २६.६ प्रतिशत |
| अन्य (तराई) | ३३.२ प्रतिशत |
| **जम्मा गरिबी** | **२५.०२ प्रतिशत** |

*Source : Nepal Living Standard survey 2011*

ता. नं -५

| विभिन्न जातीय समुहको विवरण | |
|---|---|
| **समूह** | **जनसंख्या (प्रतिशत)** |
| आदिवासी जनजाति (पहाड,तराई) | ३८.०० |
| बाहुन(पहाड,तराई)क्षेत्री राजपुत, कायस्थ, सन्यासी, माडबाडी | ३१.०० |
| दलित (पहाड,तराई) | १३.०० |
| अन्य (यादव, मुस्लिम, सिख, बंगाली... ) | १८.०० |
| **जम्मा समूह** | **१००.०** |

***स्रोतः रा.त.वि-२०११ (जनगणना)***

३) आदिवासी जनजातिको ज ३ र प्राकृतिक श्रोतमाथिको अधिकारको सिद्धान्त/आदिवासी जनजातिहरूको लागि जल, जंगल, जमिन, खानी र अन्य प्राकृतिक श्रोत-साधनहरू बच्ने आर्थिक आधारमात्र नभएर उनीहरूको आध्यात्मिक तथा संस्कृतिक पहिचानको थलो पनि हो । यस सम्बन्धमा अन्तराष्ट्रिय श्रम संगठन महासन्धि-१६९ (१९९८)को ब्यवस्था यस प्रकारछः

● सरकारले आदिवासीहरूद्धारा परम्परादेखि हकभोग गर्दै आएको भूमिको पहिचान गर्नु पर्नेछ र सो भूमिमाथिको स्वामित्व र अधिकारको प्रभावकारी रक्षा सुनिश्चित गर्नु पर्नेछ ।

● आदिवासी जनजातिहरू "परम्परागत भूमिबाट विस्थापित हुन नपर्ने र उनीहरूको प्राकृतिक श्रोत र मूलथलोको जमिनमा अन्य जातिको नियन्त्रण हुन नपाउने," र यदी विस्थापित गर्नु परेमा उनीहरूलाई पूर्व जानकारी दिने र मन्जुरी (Free Prior and informed Consent) लिएर मात्र गर्नु पर्नेछ ।

● आदिवासीहरूलाई भावी पुस्तामा भूमी तथा प्राकृतिक श्रोत हस्तान्तरण गर्ने गरी संरक्षण गर्ने, स्वामित्वमा प्रभावकारी कदम चाल्ने अधिकार हुनेछ । जालझेल र वेइमानी तरिकाबाट उनीहरूको भूमि हड्पने कार्यमा रोक लगाउनु पर्नेछ ।

● आदिवासीहरूलाई आफ्नो ज ३ मा जैविक विविधताको संरक्षण गर्ने अधिकार हुनेछ ।

(आई.एल.ओ.महासन्धि-१६९लाई नेपाल सरकारले २०६४सालमा अनुमोदन गरिसकेकोले यसले नेपालमा कानुनी हैसियत प्राप्त गरेकोछ ।)

● संयुक्त राष्ट्र संघको आदिवासीहरूको अधिकार सम्बन्धी विश्वघोषणापत्रले (ई.२००७) भनेकोछ : "आदिवासीहरूलाई आत्मनिर्णयको अधिकार हुनेछ ।" फिनल्याण्डले १९९५ मा सामी आदिवासीजनताका लागि "सामी स्वशासित क्षेत्र र सामी संसद" भएको "सामी ऐन"निमार्ण गऱ्यो । १९९६ देखि सामी संसद र सामी सरकारले काम सुरु गरेकोछ ।

● फिलिपिन्स सरकारले १९९८मा त्यहाँका आदिवासीहरूको पूर्व्यौली भूमि र क्षेत्रहरूमाथिको अधिकारलाई मान्यता दियो ।

● भारतमा... बाँकी ८ पेजमा

# क्रान्तिकारी पत्रकार महासंघका उम्मेदवारहरु

प्रेस स्वतन्त्रता र पेशागत निष्ठा
शुद्धिकरण र श्रमिक अधिकार हाम्रो प्रतिवद्धता

नेपाल पत्रकार महासंघको



२५ औं
महाधिवेशन

अध्यक्ष पदका उम्मेदवार
इन्द्र राउत लाई
(९८५११३४८३०)
बहुमतले जिताऔं ।

प्रेस स्वतन्त्रता र पेशागत निष्ठा
शुद्धिकरण र श्रमिक अधिकार हाम्रो प्रतिवद्धता

नेपाल पत्रकार महासंघको



२५ औं
महाधिवेशन

खुल्ला सचिव पदका उम्मेदवार
दीपेन्द्र कुँवर लाई
(९८४१५७२२१६)
बहुमतले जिताऔं ।

## हार्दिक शुभकामना !

नेपाल पत्रकार महासंघको २५ औं महाधिवेशनले श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको ग्यारेण्टी, सम्पादकीय स्वतन्त्रता, लोककल्याणकारी विज्ञापनको समानुपातिक वितरण, साना लगानीका तथा जनपक्षीय मिडियाहरूको संरक्षण र संवर्द्धन, श्रमजीवी पत्रकारहरूको पेशागत तथा भौतिक सुरक्षाको ग्यारेण्टी, मिडियामा वैदेशिक र अपारदर्शी लगानीलाई निषेध तथा जवाफदेहीपूर्ण पत्रकारिताको लागि काम गर्न सफल होस भन्ने शुभकामना ब्यक्त गर्दछौं ।

**क्रान्तिकारी पत्रकार महासंघ**
केन्द्रीय समिति

## प्रेस स्वतन्त्रता र पेशागत निष्ठा !
## शुद्धिकरण र श्रमिक अधिकार हाम्रो प्रतिबद्धता !!

१. सभासद् साथीहरु, नेपाल पत्रकार महासंघ आम श्रमजीवी पत्रकारहरुको छाता तथा साझा संस्था मात्रै होइन, नेतृत्वदायी संस्था पनि हो । तर आजसम्म यो संस्था वास्तविक अर्थमा श्रमजीवी पत्रकारहरुको साझा संस्था तथा नेतृत्वदायी संस्था हुन सकेको छैन । दिनदिनै नेपाल पत्रकार महासंघमा गैरपत्रकारहरुको बाहुल्यता बढ्दै गएको छ । र, महासंघको विधानले परिकल्पना गरेभन्दा फरक ढंगले अभ्यासहरु हुँदै आएका छन् । यसर्थ हामीले नेपाल पत्रकारलाई गैरपत्रकारमुक्त बनाई वास्तविक अर्थमा श्रमजीवि पत्रकारहरुको साझा संस्था बनाउने प्रतिबद्धता व्यक्त गर्दछौं ।

२. नेपाल पत्रकार महासंघमा एकाध संगठनहरुको सिन्डिकेट लादिदै आएको यहाँहरुलाई सर्वविदितै छ । अस्तित्वमा रहेका सबै संगठनहरुको प्रतिनिधित्व हुने गरी महासंघको साझा तथा छाता चरित्रलाई क्रियात्मक रुप दिन हामी उनीहरुबीचको सह-अस्तित्व, सम्मानजनक प्रतिनिधित्व र सहकार्यमा जोड दिन्छौं ।

३. श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको ग्यारेण्टी, सम्पादकीय स्वतन्त्रता, लोककल्याणकारी विज्ञापनको समानुपातिक वितरण, साना लगानीका तथा जनपक्षीय मिडियाहरुको संरक्षण र संवर्द्धन, श्रमजीवी पत्रकारहरुको पेशागत तथा भौतिक सुरक्षाको ग्यारेण्टी, मिडियामा वैदेशिक र अपारदर्शी लगानीलाई निषेध तथा जवाफदेहीपूर्ण पत्रकारितालगायतको पक्षमा खह्रोरुपमा हामी आवाज बुलन्द गर्न चाहन्छौं ।

४. नेपाल पत्रकार महासंघलाई स्थापनाकालदेखि नै सदस्यतादेखि पुरस्कार वितरणसम्म दलीय भागबण्डा गर्ने प्रवृत्ति मौलाउँदै गएको छ । जसले गर्दा वास्तविक श्रमजीवी पत्रकारहरुको अवमूल्यन हुने गरेको छ। तसर्थ, सत्ता, शक्ति र दलीय प्रभावबाट मुक्त गरी पत्रकार महासंघप्रति नै वितृष्णा जगाउने प्रवृत्तिबाट महासंघलाई हामी मुक्त गराउन चाहन्छौं ।

५. पत्रकार महासंघलाई मिडिया मालिकहरुको होइन, वास्तविक श्रमजीवी पत्रकारहरुको साझा थलोको रुपमा स्थापित गराउनु हाम्रो दायित्व हो ।

६. एनजीओ, आइएनजीओ र कर्पोरेट हाउसहरुको सिकञ्जाबाट नेपाल पत्रकार महासंघलाई मुक्त गरी श्रमजीवि पत्रकारहरुको अधिकार रक्षाकवच बनाउने प्रतिबद्धता व्यक्त गर्दछौं ।

**क्रान्तिकारी पत्रकार महासंघ**
केन्द्रीय समिति

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# संसदवादी संस्कृति र साँस्कृतिक आन्दोलन

ईश्वरचन्द्र ज्ञवाली

वर्तमानमा माओवादी आन्दोलन विसर्जनवादको स्थितिमा छ । यसका मुख्य नेताहरूमा देखिएको वैचारिक, चारित्रिक, सैद्धान्तिक, वर्गीय विचलनले यथास्थितिमा पुऱ्याएको छ । राष्ट्रिय आत्मसमर्पणबाट नक्कली चरित्रको सँधै दोधारे प्रवृत्ति अँगाल्ने एमाले चरित्रको संसदवादी पार्टी अहिले पनि पूर्ण अस्तित्वमा रहँदा रहँदै अर्को त्यस्तै चरित्रको पार्टीको स्वतन्त्र अस्तित्व रहन सक्दैन । या त माओवादी एमालेमा विलय हुनु पर्छ र बाबुरामहरू प्रतिक्रियावादी शक्तिमा विलय हुनु पर्छ या आफ्नो संसदीय विचार, शैली, चिन्तन, प्रवृत्ति र संस्कृतिलाई छोडेर पुनः पश्चाताप र प्रायश्चित गर्दै परिवर्तनकारी शक्तिका रूपमा पुनः वा प्रतिवद्धता सहित क्रान्तिकारी चरित्र र संस्कृति बोकेर अग्रगामी बाटोमा  फर्किनु पर्छ त्यसबाहेक छुट्टै अस्तित्व अर्को हुन सक्दैन । प्रतिक्रियावादको प्रतिनिधि शक्ति काँग्रेश छँदैछ भने मध्यमार्गी विचलनवादी शक्ति एमाले छँदैछ ।

वर्तमान नेपालको मुख्य समस्या संसदवाद हो । संसदवादी सँस्कृति र संसदीय व्यवस्थाले नेपाललाई वर्तमान दुखःद अवस्थामा पुऱ्याएका छन् । यो व्यवस्था धान्न नवउदारवादी विकृत पुँजीवादी र उपभोक्तावादी विचारलाई सापटी लिइएको छ । २०४६ साल देखि २०७४ सालसम्म संसदीय व्यवस्था, त्यसको विचार नीति र तत्वादी सँस्कृति कै एकछत्र प्रभुत्व कायम छ । त्यसो त २००७ देखि २०१७ साल सम्मको संसदीय व्यवस्थाले गरेका कूकृत्यहरू पनि इतिहासका साक्षी छन् । संसारबाटै असफलसिद्ध भइसकेको यो व्यवस्था । नवउदारवाद नेपाल अझ जरा गाड्दै छ । यद्यपि यो २००७, २०४६ र २०७४का सबै ऐतिहासिक घटनामा असफल सावित भइसकेको छ । यसको मूल प्राप्ति भनेको आत्मनिर्भर अर्थतन्त्रका आधारबाट नेपाललाई परनिर्भरता, परजीवितामा लैजानु हो । राष्ट्रको स्वाभिमान, स्वाधिनता, भूअखण्डता, स्वतन्त्रतालाई भारतीय विस्तारवादका सिकञ्जामा नराम्ररी जकड्याउन हो । स्वदेशी उद्योग कौडीमा बेचेर दलाल पुँजीपतिको एकाधिकारमा राष्ट्रिय अर्थव्यवस्थालाई बन्धक बनाउनु, भएका उद्योग, कलकारखना बन्द गराएर बेरोजगारी सिर्जना गरी युवाहरूलाई रोजगारीका लागि विदेश निर्यात गर्नु, उत्पादनमूलक जमिनलाई बाँझोमा परिणत गर्दै धनाढ्यहरूको पोल्टामा पारेर प्लटिङ्ग गर्दै सीमित सामन्तका हातमा कृषि अर्थतन्त्र सुम्पिदै देशलाई कृषि उत्पदानको आत्मनिर्भरता मात्र हैन मूल निर्यातजन्य वस्तुको स्थितिबाट हाल सम्पूर्ण खाद्यवस्तुमा परनिर्भर बनाउनु र कृषि उत्पादनलाई क्षयीकरण गर्नु संसदीय व्यवस्था, संसदवाद र संसदीय संस्कृतिको उपलब्धी हो । यस व्यवस्थाले कर्मचारीतन्त्रलाई दलालीकरण गरेको छ र राष्ट्रघातमा मलजल गर्न प्रेरित गरेको छ । अहिलेको कर्मचारीतन्त्र नोकरशाही तन्त्रमा परिणत भएको छ । रोहितका शब्दमा "४५% कर्मचारी भारतको दलाली गरेर जीविका चलाउँछन् ।" यस्तो कर्मचारीतन्त्रको निर्माण संसदवादले नै गरेको हो । अझ यिनले भारतीय स्वार्थ र हितमा राष्ट्रघात गर्दै प्राविधिक गतिविधि सञ्चालन पनि गर्दछ । संसदवादले नेपालका नदीनाला भारतलाई सुम्पने विशेष भूमिका पुरा गऱ्यो । कोशी, गण्डकी, महाकाली, कर्णाली, अरुण, मर्स्याङ्गदी लगायत २५० भन्दा बढी नदीको तालाचाबी भारतलाई सुम्पिएको छ । संसदवाद सामाजिक अवस्थामा विभाजन, विखण्डन ल्याउन साम्प्रदायिकतालाई भित्र्याउने परिपाटी पनि हो । यो लम्पसारवादमा टिकेको छ र राष्ट्रिय आत्मसमर्पणवाद संसदीय चरित्र नै हो । भारतीय भजनगान, दासता, नोकरी गरेर सत्ता प्राप्त गर्ने नौलो संसदीय शैली, चरित्र, प्रवृत्ति सबै हो । अर्थात संसदवाद राष्ट्रघात, दासता र दलाली धर्ममा आधारित छ । यसको मूल प्रवृत्ति दलाल मानसिकता र संस्कार हो । जसका कारण वर्षैपिच्छे फेरिने प्रधानमन्त्रीहरूको मुख्यकाम भारत भ्रमण हो । भारत भ्रमणमा निस्केका प्रधानमन्त्री प्रत्येकले देश विरुद्ध कुनै न कुनै राष्ट्रघाती सम्झौता गरेर फर्कन्छन् । देशको कुनै न कुनै सम्पदा सुम्पिएर फर्कन्छन्, जस्तो मातृका कोइरालाले कोशी नदी दिए, बिपीले गण्डकी, गिरिजाले टनकपुर, ओलीले महाकाली, प्रचण्डले कर्णाली र विदेश नीति, शेरवहादुरले मर्स्याङ्गदी र अरुण आदि आदि । यस्ता देखिने र नदेखिएको राष्ट्रघाती सन्धी सम्झौता गर्न कै निम्ति संसदवादी प्रधानमन्त्री भारत भ्रमणको हतारो र चटारोमा हुन्छन, प्रधानमन्त्रीको कुर्सीमा बस्दा देखि नै । यही दासता र दलालीको परिणाम १७० भन्दा बढी राष्ट्रिय उद्योग बन्द गरिए र ती उत्पादन भारतबाट आयात गरिए । कृषितन्त्रलाई धाराशायी बनाएर खर्बौं खरबको खाद्यान्न आयात गर्नेमा देशलाई पुऱ्याइयो । निर्यात गर्ने व्यवसायलाई तहसनहस पारेर बार्षिक ५.५ खर्वको ब्यापार घाटामा (देशको कुल बजेटको ५०%) देशलाई पुऱ्याइयो । भएका उद्योग धन्दा बन्द गराएर देनिक २ हजार युवालाई विदेश निर्यात गरिँदै छ । मानौं देश छोराछोरी निर्यात गर्ने/विक्री गर्ने देश नै हो । खाद्यान्नमा परनिर्भरता भनेको देशलाई दासताको जञ्जीरमा जेल्दै लैजाने र सिक्किम बनाउने योजना हो । कारण एक महिना खाद्यान्न आयात रोकियो भने देश भोकभोकै मर्ने र आत्मसमर्पण गर्न बाध्य हुनेछ । संसदीय व्यवस्थाले उपभोक्तावादी संस्कृतिलाई गाउँ गाउँसम्म पुऱ्यायो । ब्यक्ति ब्यक्तिमा सत्ता संस्कृतिको शुरुवात गऱ्यो । सत्ताबाट बाहिर हुँदा बित्तिकै बालुवामा माछा छट्पटाए झै दलहरू, तिनका प्रत्येक नेताहरू ब्यक्ति ब्यक्ति, कार्यकर्ताहरू छट्पटाउनु सत्ता संस्कृतिकै परिणाम हो । नेतृत्वपंक्तिमा निजी स्वार्थ, लोभ, लालच, पद-पैसा-प्रतिष्ठा मोह, अवसरवादी दहीच्यूरे प्रवृत्ति, चाकरी, चाप्लुसी, हातमलुवा, ढोके चरित्र, अवसर, सुविधा प्राप्तिको दौड रातारात, धनसम्पत्ति जोड्ने चाहना, मालिक्याइँ र हैकमवादी चरित्र, तानाशाही प्रवृत्ति र ठालूवादी चरित्र, ब्यक्तिगत भविष्य निर्माणको प्यास र तड्पन, आफन्त, नातागोता, सरसम्बन्धी, पारिवारिक सम्बन्धका आधारमा पार्टी सत्ता चलाउने प्रवृत्ति, खाउपिउ मोज गर, सुविधा भोग गर, विलासिता र वैभवको व्यवस्था मिलाउन, रिसोर्ट, महँगा रेष्टुरेन्ट, पाँचतारे होटलमा मोजमस्ती गरी चन्दा असुलेको पैसा उडाउ जस्ता संस्कृति संसदवादका उपलब्धी हुन । ठेक्कापट्टा, कमिशन, घुस, भ्रष्टाचार, अनैतिकता, नैतिकमूल्य र आदर्श बेचेर पैसा कमाउने धन्दा र रातारात मालामाल हुने सपना पनि संसदीय सँस्कृति कै मूल चरित्र हो । पारिवारिक स्वार्थ, तडकभडक, मोजमस्ती, भोगविलास संसदीय नेताहरूको मूल पहिचान हो ।

यही संसदीय संस्कृतिलाई आत्मसान गर्दै वर्गीय आत्मसमर्पण र राष्ट्रिय आत्मसमर्पण गर्न पुगेका प्रचण्ड र बाबुरामहरूले अहिले संसदीय आहालमा डुबेर जनयुद्धका आदर्शमाथि कुठाराघात गरे । उनीहरू हाबी भएको सत्ता संस्कृति यति भन्दा निकृष्ट, नैतिकहीन र नीच भएको छ कि जतिसुकै जनताका बीचमा घृणा, तिरस्कार र निन्दा भएपछि हुँदैन । माओवादी आन्दोलनलाई ब्यक्तिगत स्वार्थको निम्ति उनीहरूको संसदीय संस्कृतिमा लगेर डुबाइदिए । उनीहरूमा त्यही नवउदारवाद र उपभोक्तावाद हावी भयो । रिसोर्ट, होटल, रेष्टुराँ र आफ्नो पहिचान नै समाप्त गरे । वर्ग छाडे, विचार छाडे, आन्दोलन छाडे, जनता छाडे, राष्ट्रियता र राष्ट्र छाडे, आदर्श र सपना पनि छाडे, हिजो जनयुद्धका समयमा जनताका बीचमा बसेर खसी र कुखुराका सपेटा लुछ्ूडा गरेका प्रतिबद्धता र शर्त पनि छोडे । जनताको जीवनसँग मिल्ने, जीवनशैली, साहसी, सरलता, इमान्दारिता, खानपीन छाडेर तामसी-राजसी खानपीनमा फेरिए । अझ उनीहरू जनसाधारणबाट खानदानी परिवारमा फेरिए । लवाइ खवाइ, हिँडडुल बसउठ, विचारबहस, स्वार्थप्रेरणा सबै संसदीय बन्यो । नवउदारवादी संस्कृतिको मूलरूप उपभोक्तावाद उनमा हाबी भयो । उपभोक्तावादले सबथोक उपभोगको अर्थमा बुझ्छ । त्यसैले आदर्श, नैतिकता, मुल्य, मर्यादा विचार, चिन्तन, निष्ठा-प्रतिवद्धता र सबथोक बेच्न थालियो । पैसाका, पदका, अवसरको स्वार्थका, लाभ र नाफाका, प्रतिष्ठा र हैकमका, विलासिता र वैभवका, खानपीन र लवाइ खवाइका, आनन्द, ऐश र आरामका लागि सबै नैतिक मूल्य बेच्न थालियो, इमान, धर्म र मूल्यमान्यता पनि बेच्न थालियो । आदर्श, विचार, वर्ग नै छोडेर राष्ट्र, राष्ट्रियता र स्वाभिमान नै छोडेर वर्गीय आत्मसमर्पण राष्ट्रिय आत्मसमर्पण, सपना र आदर्शमै आत्मसमर्पण त्यही उपभोक्तावादी सँस्कृतिको परिणाम थियो । यसले दल, नेता, नेतृत्व, इमान, धर्म सबै विक्री भए । आफु हिँडेको इतिहासै मेटेर संसदवादमा अवतरण गरे । साम्राज्यवादी, विस्तारवादी र संसदवादीका सामुन्ने घुँडा टेकेर लम्पसार परे । हिजोको सपना सबै मृत घोषणा गर्दै आजका उपभोक्तावादी, अवसरवादी, स्वार्थी सपनाहरूलाई आत्मसात गरियो र देशलाई घात गर्दै बिप्पा सन्धी, परराष्ट्र नीतिमा भारतीय संलग्ना जस्ता सम्झौता भए । अब उनीहरूले दिल्लीमा बसेर १२ बुँदे सम्झौता किन गरेका रहेछन ? किन उनीहरू जनयुद्धको उत्कर्षकालमा पनि दिल्लीमा सुरक्षित रहेछन् ? किन उनका चिन्तन र धारणासँग असहमत हुने सीपी गजुरेल, मोहन वैद्य 'किरण' पटनामा ११ जना केन्द्रीय सदस्य, सुरेश आलेहरू गिरफ्तार गराइएका रहेछन् जस्ता रहस्य पनि खुल्दै जान थालेको छ ।

वर्तमानमा माओवादी आन्दोलन विसर्जनवादको स्थितिमा छ । यसका मुख्य नेताहरूमा देखिएको वैचारिक, चारित्रिक, सैद्धान्तिक, वर्गीय विचलनले यथास्थितिमा पुऱ्याएको छ । राष्ट्रिय आत्मसमर्पणबाट नक्कली चरित्रको सँधै दोधारे प्रवृत्ति अँगाल्ने एमाले चरित्रको संसदवादी पार्टी अहिले पनि पूर्ण अस्तित्वमा रहँदा रहँदै अर्को त्यस्तै चरित्रको पार्टीको स्वतन्त्र अस्तित्व रहन सक्दैन । या त माओवादी एमालेमा विलय हुनु पर्छ र बाबुरामहरू प्रतिक्रियावादी शक्तिमा विलय हुनु पर्छ या आफ्नो संसदीय विचार, शैली, चिन्तन, प्रवृत्ति र संस्कृतिलाई छोडेर पुनः पश्चाताप र प्रायश्चित गर्दै परिवर्तनकारी शक्तिका रूपमा पुनः वा प्रतिवद्धता सहित क्रान्तिकारी चरित्र र संस्कृति बोकेर अग्रगामी बाटोमा  फर्किनु पर्छ त्यसबाहेक छुट्टै अस्तित्व अर्को हुन सक्दैन । प्रतिक्रियावादको प्रतिनिधि शक्ति काँग्रेश छँदैछ भने मध्यमार्गी विचलनवादी शक्ति एमाले छँदैछ । अब अर्को शक्ति क्रान्तिकारी शक्ति मात्रै हो । त्यो माओवादी शक्ति नै हो । वर्ग दृष्टिकोण र वर्ग चेतना सहितको क्रान्तिकारी धारामा समाहित हुने संस्कृति उनीहरूमा अब छैन । संसदवादी सँस्कृतिले गाँजेको उनीहरू अब छुट्टै अस्तित्वमा रहन सक्दैनन् । त्यसकारण नै सर्वहारा संस्कृतिको पदचिन्हहरू पछ्याउँदै, जनवादी सँस्कृतिको आदर्श अँगाल्दै, स्वतन्त्र चिन्तनका लागि दास संस्कृतिलाई तिलाञ्जली दिँदै फेरी जनता सामु जनताकै सँस्कृतिका अग्रगामी बनेर नसच्चिएसम्म भ्रष्ट पतित बीच संसदवादी सँस्कृतिका बाहक बनेका प्रचण्ड, बाबुरामहरूको कुनै भविष्य देखिन्न । उनीहरूको यही अवस्थामा अब विसर्जन र समापन मात्र एकमात्र बाटो हो । जुन उनीहरूको लागि अनिवार्य परिणाम हो । तसर्थ क्रान्तिकारी-माओवादीको पहिचान क्रान्तिकारी माओवादीबाटै सम्भव छ । विसर्जनवादी माओवादीबाट होइन । अहिलेको साँस्कृतिक आन्दोलनले त्यही संसदवादी सँस्कृतिका विरुद्ध संघर्ष गर्नु पर्छ । नयाँ जनवादी सँस्कृतिको आन्दोलन नै वस्तुतः नेपाली जनताको वास्तविक मुक्तिको बाटो र दिशा हो । अन्तमा श्रीनिवास सरदेशाइको यो भनाई सहित अन्त गर्न चाहन्छु - "सारा संसारको निरपवाद अनुभव के छ भने जव वौद्धिक श्रम शारीरिक श्रमबाट अलग हुन्छ तब सिद्धान्त र व्यवहार पनि अलग हुन्छन् । तिनीहरूका ज्ञान, चिन्तन हावामा तैरिन र तरंगित हुन थाल्छन् ।" यतिखेर प्रचण्ड र बाबुरामको चिन्तनले बतासे चरित्र ग्रहण गर्नु र जीवन र यथार्थबाट टाढिनुको मुख्य कारण सिद्धान्त र व्यवहार अलग हुनु हो । यही संसदीय सँस्कृति हो र माओवादीको विचलन र विकृतिको परिणति पनि । अस्तु ।

---

## अध्यक्षसहितको...

भर्ति केन्द्र बनाउने काम भएकोमा पनि हाम्रो संगठनले भण्डाफोर गर्दै आएको सर्वविदितै छ ।

स्थापनाकालदेखि नै हाम्रो संगठनले श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको ग्यारेण्टी, सम्पादकीय स्वतन्त्रता, लोककल्याणकारी विज्ञापनको समानुपातिक वितरण, साना लगानीका तथा जनपक्षीय मिडियाहरूको संरक्षण र संवर्द्धन, श्रमजीवी पत्रकारहरूको पेशागत तथा भौतिक सुरक्षाको ग्यारेण्टी, मिडियामा वैदेशिक र अपारदर्शी लगानीलाई निषेध तथा जवाफदेहीपूर्ण पत्रकारितालगायतको पक्षमा खह्रोरूपमा वकालत गर्दै आएको छ । नेपाल पत्रकार महासंघको सदस्यता शुद्धिकरण हुनुपर्ने विषयलाई हामीले आसन्न महाधिवेशनको प्रमुख मुद्दा बनाएका छौं ।

पत्रकार शुद्धिकरणका सन्दर्भमा निष्क्रिय पत्रकारहरूको नवीकरण नगरी सदस्यता खारेज गर्ने तथा गैरपत्रकारहरूको भर्ती रोक्न अल्टिमेटमसहित नेतृत्वको ध्यानाकर्षण गराउने काम पटक पटक गरिए पनि वेवास्ता गर्ने काम भएको छ । महासंघमा शुद्धिकरणका लागि सदस्यता छानबिन आयोग बनाउनु पर्ने माग अहिले पनि हाम्रो संगठनले उठाउँदै आएको छ । तसर्थ वास्तविक श्रमजीवी पत्रकारहरूको संगठनको पेशागत हकहित र सुरक्षाका लागि आसन्न महाधिवेशनमा श्रमजीवी पत्रकारहरूसँग सहयोगको अपिल पनि गर्दछौं ।'

## हाम्राविरुद्ध...

लादिरहेको उल्लेख गर्दै उहाँले अरु दललाई माथि उठ्नै नदिने तीन दलीय सिन्डिकेट तोड्नुपर्ने आवश्यकता औल्याउनुभयो ।

अध्यक्ष किरणले सहिद रामवृक्ष यादवको स्मरण गर्दै मधेशमा आजसम्म रामवृक्ष जस्तो नेता जन्मिन नसकेको बताउनु भयो । नयाँ जनवादी क्रान्तिका लागि सहिद रामवृक्ष यादवजस्ता हजारौं नेताहरूको खाँचो पर्ने भन्दै त्यस्ता नेता जन्माउन लागिपर्नुपर्ने आवश्यकता औल्याउनु भयो ।

त्यसैगरी, दोरम्बा हत्याकाण्डको बेला आफ्नो पूर्वी कमाण्डको जिम्मेवारी रहेको स्मरण गर्दै अध्यक्ष किरणले २१ जना जनयोद्धाहरूको नृशंस हत्या गरेको बताए । उनले भने, 'प्रतिक्रियावादीहरू मानवअधिकारको कुरा गर्छन्, तर अत्यन्तै क्रूर हुन्छन् ।'

एकथरिले अहिले सहिदहरूको बलिदानको व्याज खाइरहेको उल्लेख गर्दै इतिहासको व्याज खाने गद्दार र अवसरवादीहरूका विरुद्ध सशक्त संघर्ष गर्नुपर्ने विषयमाथि उहाँले जोड गर्नुभयो ।

कार्यक्रमको अध्यक्षता ३ नं. प्रदेशका संयोजक समेत रहेका नेता दिनेश शर्माले गरेको थियो भने संचालन नेता पवनमान श्रेष्ठले गर्नुभएको थियो । उक्त कार्यक्रममा क्रान्तिकारी माओवादीका कार्यालय सदस्य रामसिंह श्रीस, क्रान्तिकारी माओवादीका केन्द्रीय सल्लाहकार सचिव दीर्घप्रसाद पाण्डेलगायतका नेताहरूले सम्बोधन गरेका थिए ।

## कस्मिरको...

लिएको थियो । सन् २०१४ को अप्रिलमा १७ जनाको मृत्यु हुने गरी गराइएको आक्रमणको जिम्मा पनि सोही संगठनले लिएको थियो ।

यसबाट अमेरिकाले भारत र पाकिस्तानमाथि चरमपन्थीलाई बढावा नदिन दबाब दिन खाजेको विश्वास गरिएको छ । गत वर्ष कश्मिरमा हिजबुल मुजाहिद्दिनका कमाण्डर बुरहान बानीकको हत्यापछि पाकिस्तानले उनलाई सहिद घोषणा गरेको थियो ।

## असोज...

साधनमा पनि क्षति पुगेको छ ।

ढलेको रुख २ सय वर्ष पुरानो भएको बताइएको छ । यसैबीच पोर्चुगलका प्रधानमन्त्री एन्टिनियो कास्टाले घटनाप्रति दुःख ब्यक्त गरेका छन् ।

---

कविता

इच्छुक




## नयाँयुगका राता रक्तबाजी

घरी-घरी पटक-पटक
बग्न त रगत पानीसरि बगिरहेकै छ
के पहाड के मधेस चारैतिर
नयाँ दशकको हत्याराले नयाँ युगका राता रक्तबीजहरू छरिरहेकै छ
अभावको कालो बजारमा महंगीको हाहाकार बढेर
सबै थोक दुर्लभ बने पनि
गल्ली-गल्ली सडक-सडक
र, गाउँ बस्तीभरि
गोलीले ढलेर मान्छेको ज्यान भने झनै सस्तो भइरहेकै छ
तर तिम्रो काखमा त्यै एउटा ज्यान ढल्दा घाम पनि
अकाशमा मधुर भएको छ ।
बर्मझिया, तिम्रो प्रत्येक थोपा रगत ब्यूँझेर
आज बैरीलाई क्रूर कालकुट भएको छ ।
एउटै रगतको साइनो रहेछ आखिर
मेची र महाकालीका साँधहरूमा
एउटै वर्गको नाता रहेछ आखिर
कमला र भेरीका छालहरूमा
एउटै धर्मको उपासना रहेछ आखिर
झापा र धनुषाका बलिदानहरूमा
एउटै कर्मको आराधना रहेछ आखिर
गोर्खा र रोल्पाका अनुष्ठानहरूमा
निरन्तर चलिरहेको रक्तिम युद्धमा
मिसिसिपीदेखि भोल्गासम्म एउटै रंग छ
निरन्तर फैलिरहेको वर्गीय युद्धमा
लिमादेखि मनिलासम्म एउटै तरंग छ
यतिखेर तिम्रो काख पूर्वमा रगतपच्छे हुँदा
पश्चिममा रुकुम पनि प्रतिशोधले चुर भएको छ
बर्मझिया तिम्रो प्रत्येक थोपा रगत ब्युँझेर
आज बैरीलाई क्रूर कालकुट भएको छ ।

माटोमा भिजेका तिम्रै रगतका टाटाहरूले
जनअदालतको खुला इजलासमा
बर्बर हत्याको किटानी जाहेरी दिइरहेछन्
उदास नहरको संतप्त किनारमा
शोकमग्न उभ्रेका सिसौंका बोटहरूले
तिम्रै ज्यानमुद्दाको सरजमिन गरिरहेछन्
मकैका घारीले बारीबाट
आक्रोशित मुद्रामा तिम्रै हत्याको साँक्षी बकिरहेछन्
प्रत्यक्षदर्शी पटुवाका झाडीले
फरार अपराधीहरूका बर्बर अनुहारहरू सम्झदै
गिरफ्तारीको हुलिया काटिरहेछन्
शोकविह्वल छन् सबै गाउँ
भावविह्वल छन् सबै ठाउँ
तै पनि शान्त र सहज भएर
अशान्त जीवनको सागरमा
निरन्तर चलिरहेछ मुक्तियात्राको नाउ
आफ्ना शोकाकुल घडीलाई नयाँ शक्तिमा फेरेर
फेरि पनि दृढ र कर्मशील मनस्थिति लिएर
साँझबिहान पँधेराहरूले
गाइरहेछन् 'पेरुमा लालझण्डा'का गीतहरू
सबेरै झिसमिसेमा उठेर चराहरूले
घन्काइरहेछन् कलरव स्वरमा संघर्षका नाराहरू
रुष्ठ हावाले सतर्क भएर
दुश्मनका गुप्त पदचापहरू पछाइरहेछ
फेरि उस्तै संघर्षशील भएका छन् सबै ठाउँ
एउटा 'मास्टर साहेव'लाई मारेर
जनपाठशालाहरू नै बन्द गर्न खोज्ने जल्लादहरूको मृगतृष्णा
एउटा जनयोद्धालाई हत्या गरेर
मुक्तियुद्ध नै रोक्न खोज्ने मोशादहरूको कपोलकल्पना
यतिखेर चकनाचूर भएर
निष्फल बनेका छन् बैरीहरूका सबै दाउ
मातृभूमिका महान् सन्ततिहरूको मृत्युञ्जयी बलिदानले अभिभूत भएर
यसबेला सिंगो राष्ट्र नै एउटै जुलुश भएको छ
बर्मझिया, तिम्रो प्रत्येक थोपा रगत ब्युँझेर
आज बैरीलाई क्रूर कालकुट भएको छ
तिम्रो सम्मानमा गौरवले झुकेर उठ्दै
सारा देश नै अरिङ्गालको गोलोझैं एकजुट भएको छ ।

---

## नक्कचरी बाठी !



हुचरा

बाठी !
मेरी प्यारी नक्कचरी बाठी
तिमी वेला न कुवेला आउँछ्यौ र
धनजनमा क्षति पुऱ्याउँछ्यौ,
त्यो देखेर मेरो वृद्धशरिर रन्थनाउँछ र
तिमीलाई भेट्टाए जगल्ट्याएर पछार्न मन लाग्छ ।
बाठी तिमी गरीवमाथि नै खनिन्छ्यौ
त्यसको फाइदा धनीले लिन्छ
राहत उठाउँछन्, नेपालमा मात्रै होइन
अमेरिकामा पनि भ्याउँछन् र
धनीको चुनावमा नोक्सान भयो भने
हज्जारौं प्रतिशत नाफा लिन्छन्
गरीबको नाममा राहत बाँढेको भन्दै
कुहिएको चामलका बोरा हातमा लिएर
यहाँका नेता अखवारमा समाचार बेच्छन्,
त्यो समाचार पनि यिनै गरीवले किनिदिनु पर्छ ।
अनि तिमीलाई न जगल्ट्याए कसलाई जगल्ट्याउँने ?
भन त बाठी नानी तिम्रो सम्बन्ध को सँग बढी छ ?
धनी कि गरीब, तिम्रो प्यारो साथी होइन र ! त्यै गरीब ?
तिमी जहिले पनि गरीब के झोपडीमा बसेको
गरीवसँगै रुखोपिठो खाएको र
गरीव के छोराछोरीसँग रमाएको
म देखिरहेको छु ।
तै पनि तिमी साँझ, विहान नभनि भुक्याएर आउँछ्यौ र
तिनै गरीवहरूको पाखाबारी मात्रै होइन
झोपडी नै बगाइदिन्छ्यौ ।
के तिमी भित्र दयामाया वा मानवता केही छैन ?
छ भने, अबका दिनहरूमा यसो नगर !
पुण्य कमाउनु छ भने
तिम्रो पेट गड्गडाउँन थालेपछि
ती गरीवहरूलाई सँकेत गर,
कमसेकम आफ्नो र तिम्रो समेत सुरक्षित अवतण
तिनै गरीवले गराउँछन् ।
अनेक प्रकारले आर्जन गरेको थोरबहुत सम्पत्ति पनि
कहिले तिमी आउछ्यौ बगाउँछ्यौ
कहिलेकाँही भूकम्प आउँछ, भत्काएर जान्छ ।
कहिले महामारी आउँछ,
ससाना लालाबालाको विचल्ली वनाउँछ,
यस्तो भएपछि ती गरीवहरू कहिले उक्सिने ?

# महिला मुक्ति र तिज



लक्ष्मी मुडभरी

आज देश यतिबेला असाध्यै ठूलो कोलाहरबाट गुज्रिरहेको छ । अति वर्षातृका कारण पहाडी भैगुलमा पहिलो र मधेसमा सारा वस्तीको डुबान र बाढीका कारण सयों मानिसहरूको ज्यान गइसकेको छ भने लाखौंलाख मानिसहरूको जीवन अस्तव्यस्त बन्न पुगेको छ । जनता जतासुकै राज्यविहीनताको अनुभूति गरिरहेका छन् । सदाबहार दैनिकीभन्दा थोरै पनि प्राकृतिक विपत्तिहरूको सामना गर्न राज्यसँग न त कुनै पूवृ तयारी र योजना छ न त साधनस्रोत नै । जनता देशको सरकारसँग भन्दा एनजीओ, आईनजीओमा अन्य सामाजिक संघसंस्थाप्रति आशा र भरोसा राख्छन् । यदि कथंकदाचित सरकारले कुनै राहत या अन्य जोखिम उठाउनका निम्ति पहल लिन खोज्यो भने पनि एकातिर योजना कार्यान्वयन प्रभावकारी हुँदैन भने अर्कोतिर सम्बन्धित विभाग र मन्त्रालयका अगुवाहरूको निम्ति भ्रष्टाचारको गतिलो माध्यम बन्दछ । यो प्रवृत्ति तल्लोस्तरको जनतासम्म नांगो रूपमा स्थापित छ । जसकारण राज्यप्रति जनताको विश्वास र भरोसाको मनोविज्ञान टुटेको छ लाचार र छायाँ सरकारको भद्दा नमूना आजबाट होइन विगतमा भारतीय शासकहरूका सामु लम्पसार परेर गरिएका कैयौं राष्ट्रघाती सन्धि र सम्झौताहरू हुँदा नै सुरु भएको थियो । कोशीबाँध र भारतीयहरूको पूर्ण हितका खातिर निर्माण गरिएको थियो । न कि नेपाली जनहित, राष्ट्रहितका निम्ति । कोसी सम्झौतापश्चात देशमा थुप्रै व्यवस्थाहरू फेरिए, शासकहरू फेरिए तर कुनै पनि राष्ट्रघाती सन्धि, सम्झौताहरूको कम, फुलिस्टमसम्म फेर्न सकिरहेको छैन किन ? देशमा वैदेशिक दलालहरूको हातमा सत्ता रहुञ्जेल देश र जनताले यही नियति भोगिरहनुपर्ने छ ।

राष्ट्रियता र जनहितका सामु सरकारको लाचारी र निरीहताको भद्दा नमूना त आजकल सामाजिक सञ्जालहरूमा विदेशमा बेचिएका, विविध कारणले जीवनको जोखिम मोलिरहेका हजारौं आफ्ना नागरिकहरूलाई केही पनि गर्न नसकिरहेको दृश्यबाट छर्लङ्ग हुन्छ । एकाध व्यक्ति या संघसंस्थाहरूको पहलमा गरिएको उद्धारबाट हर्षका आँशुक बगाइरहेका नागरिकहरूका अन्तर्वार्ता र भनाइहरूले देशका आम मानिसहरूको संवेदनालाई उद्वेलित गराइरहेको छ । यिनै श्रमिकहरूले पठाएको रेमिट्यान्सहरूबाट देशको प्रतित अर्थतन्त्र धानिरहेको छ । सरकार यसमा निकै गर्व गरिरहेको छ तर तिनै नागरिकहरूको जिउधनको सुरक्षा खातिर सरकारको उपस्थिति शून्य प्रायः छ । योभन्दा लाचारी अरु के हुन सक्छ ।

वर्षातृले निम्त्याएका कैयौ विपत्ति, हैरानी र शोकाकुल परिवेशसँगै वर्षातृले विस्तारै बिदा लिँदैछ भने हाम्रो थुप्रै चाडपर्वहरू नजिक आइरहेका छन् । दुःख, खुशी/रुवाइ- हाँसो/पीडा सन्तोष शायद यही होला जीवनको द्वन्दवाद । यतिबेला हिन्दू महिलाहरूको उल्लासपूर्ण चाड तिज नजिकै आइरहेको छ । हरेक रहेका हरेक चाड र पर्वहरूका आ-आफ्नै ऐतिहासिक पृष्ठभूमिहरू रहेका रहेका हुन्छन् । तत्कालीन समाजको निर्देशित दर्शन, विचार र त्यसमा आधारित राजनीतिक/सामाजिक व्यवस्थाको प्रभाव र पहुँचको शक्तिको आधारमा त्यस व्यवस्थाको रक्षा, प्रचार र टिकाउका निम्ति विभिन्न मूल्य र मान्यताहरूलाई स्थापित गरिएको हुन्छ । तिज पर्व पनि यसकै एउटा रूप हो । सामन्तवादी युगमा दर्शन र विचारको क्षेत्रमा निकै ठूलो विकास गरेको पाइन्छ । खासगरी सामन्ती व्यवस्थाको रक्षाका खातिर दार्शनिक, वैचारिक र राजनीतिक सिद्धान्त, मूल्य र मान्यताहरूको क्षेत्रमा निकै व्यवस्थित विककास भएको पाइन्छ । जो आजसम्म आम मानिसहरूको मनस्तिष्कमा धार्मिक मूल्यको रूपमा निकै जब्बर रूपमा स्थापित छ । हरेक देशका सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू जो, समाजलाई द्वन्दात्मक भौतिकवादमा आधारित जीवन दर्शनले दिशा-निर्देश गर्न चाहन्छन् । उनीहरूका निम्ति जनताको मनमस्तिष्कमा जमेर बसेको अलौकिक अदृश्य अध्यात्मवादी चेतको भ्रमबाट मुक्त गर्नु निकै ठूलो चुनौती रहेको छ । तिज पर्वकै बारेमा पनि कम्युनिष्ट महिलाहरूले यसलाई कसरी बुझ्ने र कसरी लिने भन्ने बारेमा लामो समयदेखि एउटा बहस र अभ्यास हुँदै आएको छ ।

धार्मिक मान्रुयताअनुसार महादेव पति प्राप्त गर्नका निम्ति पार्वतीले गरेको कठोर त्याग र तपस्यापश्चात् जसरी महादेव पार्वतीको मिलन भयो, यसको अर्थ पार्वतीको ९यलभ कष्मभ यिख० एकोहोरो प्रेम सफल भएको दिनलाई हरियाली तिज या हरितालिका तिज पर्वको रूपमा स्थापित गरिंदै आएको मानिन्छ । यसको अर्थ सामन्तवादी समयमा खासगरी सत्तामा शक्तिमा रहेका मान्छेहरू बीचको प्रेमलाई मान्यता दिने चलन कायम रहेको मान्न सकिन्छ । तर यसमा महिलाहरूको एकोहोरो तपस्याको माग गरिएको छ । प्रेममा समर्पण र त्याग दोहोरो हुन्छ । पार्वतीको जुन त्याग र समर्पणको गुणगान गाएर आजको आधुनिक युगका महिलाहरूमा प्रेमको सफलताको निम्ति प्रेमले भरिपूर्ण दाम्पत्य जीवनको सफलताको निम्ति महिलाहरूको जुन त्याग र समर्पणको माग गरिएको छ । त्यो आफैमा गलत मान्यतामा आधारित छ । प्रेम जीवन या दाम्पत्य जीवनको सफलताका निम्ति कम्युनिष्टहरू महिला पुरुषकै समान भूमिका, समान समर्पण र दायित्व रहने मान्यतामा विश्वास राख्दछन् । तर हिन्दू समाज आज पनि सामन्तवादी दर्शन र विचारबाट निर्देशित रहेको हुँदा पतिव्रताको मान्यता हावी रहेको छ । यसले समाजमा अहिले पनि महिलाहरू पुरुष अधिनस्थ हुन र पुरुषहरूको पूज ागर्नु, पाउँ पर्नु महिलाहरूको नियति या कर्तव्य हो भन्ने मान्यता राख्दछ । यो पर्वले समाजमा पारिवारमा महिलाहरूको सहअस्तित्वलाई स्वीकार्दैन भने अर्कोतिर पितृसत्तावादको भरपूर पक्षपोषण गरिउको छ । जसमा पुरुषहरूलाई महिलाहरूप्रतिको समर्पणको आवश्यतालाई बाहिर राखिएको छ । यसको अर्थ पुरुषले मन परेको महिला प्राप्त गर्न कुनै त्यागको जरुरी पर्दैन किनकि मन परेपछि प्राप्त गर्नु उसको अधिकार हो । यसको यो पनि अर्थ लाग्दछ कि पुरुष आफ्नो प्रेमिका या श्रीमतीप्रति निष्ठावान भइरहनुपर्दैन । उसले घरमा श्रमिती हुँदाहुँदै अरु महिलाहरूसँग पनि सम्बन्ध कायम राख्न सक्दछ । यसको अर्थ तिज पर्वले सामन्ती पितृसत्तावादलाई बलियो बनाउन निकै ठूलो भूमिका खेलेको छ ।

यसलाई चिर्ने सम्बन्धमा जे-जति भूमिका भएका छन् । त्यो निकै गौण छ । ग्रामीण भेगमा सामन्तवादी उत्पादन सम्बन्ध कायम छ । या साना कृषि उत्पादनमा जमिनमा साना किसानको स्वामित्व कायम छ । जसको धरातलमा उभिएको चेतना पनि सामन्तवादी नै छ । जसले महिलाहरूलाई अहिले पनि नजानिदो रूपमा दोस्रो दर्जामा राखेर हेर्दछ । त्यसैले ग्रामीण भेगबाट तिज पर्वको मूल्यलाई निकै ठूलो अर्थमा ग्रहण गरिन्छ । ग्रामीण भेगमा महिलाहरूप्रति अहिले पनि दमन र उत्पीडन रहेको छ । ग्रामीण महिलाहरूले यस पर्वको अवसरमा सबै एक ठाउँ भेला भएर समाजमा महिलामाथि जारी उत्पीडन बाहिर ल्याउने गतिलो माध्यम या आफ्ना वर्षौदेखि मनमा गुम्एिका भावनाहरूलाई पोख्ने वैधानिक मञ्चको रूपमा प्रयोग गरेको पाइन्छ । तर शहरमा रहेका पढे, लेखेका बौद्धिक मानिने महिलाहरू यसको वास्तविकतालाई बाहिर ल्याउन पहलकदमी लिन चाहेको देखिंदैन । अर्कोतिर तिज पर्वको मूल मारुन्यता सामन्तवादी नै भए पनि महिलबाट गरिएको प्रेमले स्वीकृति प्राप्त गरेको दिनको रूपमा जसरी यसलाई मानिन्छ, त्यसको मूल मर्मलाई नै तोडमोड गरेर छाडावादमा ढाल्ने प्रवृत्ति निकै प्रभावशाली रहेको छ । यसले महिलाहरूमाथि सदियौंदेखि जारी मान्यतालाई भतउन मद्दत होइन अझ असहयोगको भूमिका खेलिरहेको छ । महिलाहरूप्रतिको सामन्तवादी मूल्य मान्यताप्रति महिलाहरूको सचेत र संगठित विद्रोह जरुरी छ । त्यो दर्शन, विचार, चिन्तन, संस्कार, संस्कृति, शिक्षा, राजनीति हरेक ठाउँमा महिलाहरूको पुरुषसँग सहअस्तित्वलाई कसरी स्थापित गर्ने ? यो हाम्रो सामुको चुनौती हो । यसका निम्ति सचेत रूपको बौद्धिक, सांस्कृतिक पहल जरुरी छ । त्यसको निम्ति संगठित र सचेत विद्रोहको माग गर्दछ । आज नेपाली समाजमा एकातिर सामन्ती उत्पीडनबाट दबिएको दमित चेतना हावी छ भने अर्कोतिर त्यसलाई अस्वीकार गर्ने नाममा अराजकतावादी चेतना हावी छ । महिलाहरूप्रति हेर्ने, बुझ्ने र व्यवहार गर्ने प्रवृत्ति, चिन्तनमा परिवर्तन ल्याउनका निम्ति सचेत बौद्धिक रूपको संगठित विद्रोह जरुरी छ ।



आज कम्युनिष्ट विचारमा विश्वास राख्ने कैयौं महिला संगठनहरू तिजको मन्त्रलाई उपयोग गर्ने नाममा त्यही संस्कृतिमा ढल्दैगएको देखिन्छ भने अन्य संगठनहरूको पहलकदमी पनि त्यति प्रभावकारी देखिंदैन । तिज पर्वभित्र लुकेको पितृसत्तावादी मूल्य र मान्यताहरूलाई बाहिर उजागर गर्न, त्यसको भण्डाफोर गर्न र त्यसको ठाउँमा महिला, पुरुष सहअस्तित्वपूर्ण सम्बन्ध, मूल्य र मान्यताबाट सञ्चालित समाज स्थापित गर्नका निम्ति सम्पूर्ण प्रगतिशील क्रान्तिकारी, वामपन्थी, देशभक्त सबैखाले तर सशक्त भूमिको जरुरी पर्दछ ।

मालेमावादको वैचारिक आलोकमा निर्देशित क्रान्तिकारी संगठनको नेतृत्वमा गरिने सचेत र संगठित विद्रोहद्वारा स्थापित गरिने नयाँ जनवादी राज्य व्यवस्थामा मात्र पहिला पुरुष समाज अस्तित्व कायम भएको सामाजिक मूल्यसहितको समाज स्थापित गरिने नयाँ जनवादी राज्य व्यवस्थापनमा मात्र महिला-पुरुष समान अस्तित्व कायम भएको सामाजिक मूल्यसहितको समाज स्थापित गर्न सम्भव छ । आजका आम हिन्दू धर्मावलम्बी महिलाहरूमा कायम रहेको पित्तृसत्तावादी सोचलाई मालेमावादी वैचारिक आलोकबाट मात्र बदल्न सकिन्छ । क्रान्तिकारी महिला संगठनहरूको यो नै आजको चुनौती रहेको छ ।

२०७४/११/०२



## दैनिकी दुर्वाच्य... रामचन्द्र हुमागाई



# कृष्णाअष्टमीका दिन बाढीले निल्यो

**साउन ३० गते** । आज हिन्दूहरूका महान देवता भनिने कृष्णको जन्मजयन्ती (कृष्णाअष्टमी) पनि रहेछ । भगवानको जन्मजयन्तीमा प्रकृतिले तण्डव नृत्य मच्चाएर देशभर अविरल वर्षा भयो र सयौं नागरिक हताहत भए, लाखौंको धनमाल क्ष्यति भयो । कयौं नेपाली त घरवार विहीन नै भए । हामीले गर्न सक्ने भनेको सोकाकूल परिवार प्रति समवेदना दिनु मात्रै हो । 'सिंहदरवारलाई गाउँगाउँसम्म पुर्‍याउँछौं' भन्दै स्थानीय तहको निर्वाचन सम्पन्न गराएको तीनमहिना पनि पुगेको छैन तर निर्वाचनमा जनता हाम्रो पक्षमा देखिए भन्ने संसद्वादी दलहरू सिंहदरवार भित्रै गाँड कोराकोर गर्दैछन् । कारण के रे भन्दा आफ्नो पार्टीको अधिकार अर्काले खोस्ला र अर्को निर्वाचनमा आफू ठिनठिनगोपाल भैएला भन्ने त्रास ठूला पार्टीलाई छ, त्यसैले त कर्माचारीमा आफ्नो युनियन दरो, सरकारको निर्देशान नमान्ने, माने पनि स्वतः एक तह वडुवा पाए मात्रै गाउँमा जाने लिट्ठी कसिरहेका छन् । मानौं निजामती कर्माचारी नै देशका सर्वेसर्वा हुन । यस्तो अवस्थामा जनताले राहत् पाउँनु त कता हो कता हिट्लरको ग्यास चेम्वरमा तड्पीनु झैं तड्पीनु परिहेको छ । होइन भने वर्खामा आउँने वाढी पहिरो, प्रकृतिको प्रहारकै रूपमा आउँने भूकम्प, यस्तै अनेक प्रकारका रोगहरू फैलिंदा रोथाम गर्ने औषधोपचारको वन्दोवस्त गरेर बस्न नसक्ने सरकारका मुसदण्डेहरूलाई के भन्ने र खोई ?

**साउन ३१ गते ।** 'प्रकोप' प्राकृतिक प्रकोप कि दैवी प्रकोप ? हामी आफूलाई हिन्दूहरूको सम्राट ठान्छौं र पनि अन्धविश्वासबाट मुक्त हुन सकेका छैनौं । ऋग्वेदले भन्छ, 'सन्सारमा भगवान यि मात्रै हुन, आगो, पानी, हावा, पृथ्वी र आकाश । भूकम्प आउँछ, लोख्छौं दैवी प्रकोप, बाढी र पहिरो आउँछ, त्यहाँ पनि देख्छौं दैवी प्रकोप । यसपालीको कृष्णाअष्टमीका दिन त बाढी र पहिरोले ताण्डव नृत्य नै मच्चायो, त्यसलाई पनि हामीले भन्यौं, 'दैवी प्रकोप' के उसोभए कृष्णले नै आएर आफ्नै जन्माआष्टमीमा यस्तो उवद्रो गरे त ? होइन, हाम्रो अन्धविश्वासले हामीलाई नै घेरेको छ । कृष्णलाई हामीले नै जवर्जस्ती भगवान वनाएका हौं । उनी आफ्नो जमानाका महापुरुष थिए र त उनको पराक्रमलाई निकै सयवर्ष पछि देवत्वकरण गरियो । यस्तै अन्य ३३ कोटी भनिने देवीदेवताहरू पनि मानिसबाटै देबत्वकरण प्राप्त गरेका दर्जा आनुसारका दवीदेवता हुन, क्राइष्ट, अल्लाह र अन्य सबै भगवान आआफ्ना कूलका भगवान हुन । आगामी दिनहरूमा यस्ता भगवान कति थपिन्छन्, कति । अर्कोकुरा पुनर्जन्म, पाप र पुण्यका कुरा पनि हामीले निकै सुनिसक्यौं र भन्छौं, ' मानिसको पुनर्जन्म हुन्छ । उखान नै छ नि ! कुनै एक झुटलाई सयजनाले सत्य भनिदिए त्यो सत्यमा परिणत हुन्छ । अन्यथा यी सबै भूलभुलैयाँ मात्रै हुन । मानिस मरेपछि सिधै ब्रम्हलीनमा विलय हुन्छ । ब्रम्हलीनमा जो जति पनि अटाउँछन् । बाँकी सबै झुटका खेति मात्रै ।

**साउन ३२ गते ।** नेपालको उत्तरतिरको छिमेकी तथा विश्वको सबैभन्दा बढी जनसंख्याको भार बोकेको देश चीनमा उपप्रधानमन्त्री वाङ याङ नेपालको चार दिने भ्रमण सिध्याएर भाली स्वदेश फर्किदैछन् । यसपटकको चिनीयाँ भ्रमण यसकाणले पनि महत्वपूर्ण रह्यो कि नेपालका सम्पूर्ण भाग चिनीयाँ भ्रमणकै वेला डुवानमा पर्‍यो । यो डुवान तीन कारणले हुनगएको विष्लेशण विद्वानहरूले गरेका छन् । एक, प्रकृतिक कारण जुन स्वभाबिकै हो, दुई एमालेको 'आफ्नो गाउँ आफैं बानऔं' भन्ने जिद्दीका कारण गाउँगाउँमा डोजर कुदाएर खनिएका बाटाहरूका कारण गएको पहिरो र तीन दक्षिण तिरको छिमेकी भारतले आफूखुसी सीमानामा वाँधिएको बाँधका कारण यो विपत्ती आएको बेला चिनीयाँ भ्रमण नेपालका लागि अतिमहत्वपूर्ण रह्यो । प्रकृतिक प्रकोप रोक्न रुखविरुवाहरू राप्नु पर्थ्यो यसो हुनुको साटो काठ माफियाहरूले उल्टो जँगल फाँड्ने काम गरे । एमालेको नियत राम्रै भए पनि कस्तो ठाउँमा डोजर चलाउँने भन्ने नीति भएन । पार्टी विस्तारका लागि जथाभावी काम भयो र भारतले आफ्नो भूमि बचाउँन सडक बानउँने नाममा बाँध बनायो । उसै त नेपाल प्रति भारतीय दृष्टिकोण राम्रो छैन ।  त्यसमाथि हिउँदको पानी हड्प्ने वर्षादको पानी थुनेर नेपालको तराई डुवाउँने उसको परम्परा नै बसेको छ । राजनीतिमा पैसा खर्च गरेर लठैतहरू उठाउँने वाढी पहिरो आएका वेला चुँ सम्म पनि नवोल्ने नियतबाटै सबै कुरा प्रष्ट हुन्छ । नेपालले यस्तो मामिलामा मौन बस्नुको विकल्प के नै छ र !

**भदौ १ गते ।** कोशी सम्झौता, गण्डक सम्झौता, महाकाली सम्झौता र कर्णाली सम्झौता गलत हो भन्दै लेख्ने, चिच्याउँने र विरोध गर्नेहरू कोही मरिसके, कोही मर्ने अवस्थामा छन् तर ती सक्झौताहरू गलत रहेछन् भन्ने कुराको पुष्टि भर्खर हुँदैछ र सरकारमा पुग्ने र बस्नेहरू लोली लगाएर चिच्याउँदै छन् । काशी सम्झौताको म्याद अझै १४७ वर्ष बाँकी छ भने गण्डक सम्झौता ५८ वर्ष अगाडि भएको हो, यो पनि शूरु देखि नै विवादको विषय बनेको छ । यस्तै अन्य १५ ठाउँमा भारतले आफुखुशी वाँध बाँधिरहेको छ । ती बाँधहरूको नाम हो लक्ष्मणपुर, कलकलुवा, धौलागिरी, कोइलावास, महलीसागर, रसियावाल, डण्डाफरेना, लाल बकैया, बैरगनियाँ, बागमती, कमला, सिराहा, खाँडो तटवन्धन, कुनौली तटवन्धन र लुना बाँध । यि सबैमा नेपालको तर्फबाट अनुमति पाएको दावी भारतको रहेको छ । तर, हाम्रो अनुसन्धानमा कुनैले पनि अनुमति लिएको पाइदैन । कहीं कतै स्थानीय निकायमा काम गर्ने कर्मचारीले आफुखुसी लेखिदिएको वताइन्छ ।

**भदौ २ गते ।** यो देशका नक्कचरा नेताहरू जनतालाई झुक्याउँन निकै माहिर छन् । यतिबेला यो नक्कचरो सूचीमा पूर्व राष्ट्रपति रामवरण यादव परेका छन् । उनले रुक्माङ्गत कटुवालका बारेमा राम्रै तरिकाले ढाटेका छन् र भनेका छन्, 'मैले उनलाई सहयोग गरेकै हो । त्यसो नगरेको भए मूलुक जनगणतन्त्रमा जान्थ्यो' । जनताले खोजेकै जनगणतन्त्र नै थियो । अहिलेको बुर्जुवा गणतन्त्र त पहिलेनै थियो नि ! यत्ती हुँदाहुँदै पनि नेपालका वामपन्थीहरूको बुद्धिको विर्को नखोलिनु जस्तो विडम्वना अरू के नै हुन सक्छ र !

**भदौ ३ गते ।** भारतले नेपालका बाढीपीडितलाई राहत स्वरूप सहयोग ! यो समाचार सुन्दा आज मलाई निकै हासो उठ्यो र निराश पनि भएँ । सायद मलाई मात्र होइन आम नेपालीलाई भारतले नेपाल प्रति हेर्ने दृष्टिकोण बुझेका नेपालीलाई पनि यस्तै भएको हुनुपर्छ । किनभने प्राकृतिक रूपमा नेपालको पानी बगेर जाने भनेको भारतमै हो तर यहाँ त बग्ने पानीलाई थुनेर  नेपालको तराई क्षेत्र ढुवाउँने पनि भारत नै हो र बाढीमा ढुवेर हप्तौं वितेपछि, त्यो पनि चीनमा उपप्रधानमन्त्रीले नेपालको भ्रमण सकेर स्वदेश फर्किसकेपछि फोन गरेर आश्वासन दिने पनि भारत नै हो । यसमा कति चतुर्‍याइ छ भन्ने कुरा बझ्न सक्नेलाई प्रसस्तै छ । सहयोग थाप्न भनेपछि भुतुक्कै हुने नेपाली सस्कारलाई बुझेरै भारतका प्रधानमन्त्री नरेन्द्र दामोदर मोदीले नेपालका प्रधानमन्त्री शेरबहादुर देउवालाई फोन गरेका हुन् । यस्ता चतूर नेतालाई के भन्ने र खोई । राँगाको बाछी कि गोरुको बच्चा । छुट्याउँनै सकिएन । एकपटक सबैले प्रयास गर्ने कि ।

**भदौ ४ गते ।** आज एक्कैदिन दुईवटा समाचार आए । भन्नेलाई भन्दा सुन्नेलाई लाजलाग्ने खालका ति समाचार यस्ता छन् । 'एकवर्षमा २५ वटा वाणिज्य बैंले ४३ अर्ब नाफा कमाए' । एउटा र अर्को, 'कृषि क्षेत्रमा ३ वर्षमा ३० अर्बको क्षति । यो क्षतिमा भूकम्प, नाकाबन्दी र बाढीको असर' । यही हो भन्नेलाई भन्दा सुन्नेलाई लाज ? कृषि क्षेत्रमा रगत पसिना बगाएर किसानहरू जिवीकोपार्जन गर्छ तर नाफा कहिल्यै गर्न सक्तैनन् । पुस्तौंपुस्ता देखि साहुको गद्दामा जमिनको लालपूर्जा धितो राखेर ऋण काड्दै मल, विउ, किटनाशक औषधी आदी लिन्छन्, फसल उत्पादन भएपछि तीनै साहुमहाजन कहाँ उनीहरूकै मूल्यमा उत्पादन बुझाउँनुपर्छ । वर्ष भरीको सापटी र व्याज तिर्दातिर्दै अर्को वर्षको फसलमा ऋण लागिसकेको हुन्छ । तिनै साहुमहाजनहरूले खोलेका बैंकहरू यसरी अत्यधिक नाफामा जान्छन् तर सरकार त्यो नाफा कसरी भयो ? बैंकखोल्ने रकम कहाँबाट कसरी आयो ? भनेर सोध्दैन । किन सोध्दैन भने तिनैदलाल पूँजीपतिहरूको सहयोग र इसारामा सरकार चलेको हुन्छ । अहिले मात्रै होइन, राणाहरूको पाला देखि यसैगरी चल्दैआएको छ, फरक यत्ती हो त्यतिबेला घ्यूु खाने व्याजको चलन थियो भने अहिले वैधानिक स्वीकृतिबाटै नाफा कमाउँन सकिन्छ । पञ्चायती कालमा पञ्च यसैगरी धनी भए, बहुदलीय कालमा बहुदलवादी नेता धनी भए र अहिलेको गणतन्त्रमा पनि गणतन्त्रवादी नेताहरू धनी हुँदैछन् । जनताका दिन कहिल्यै नआउने भए ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

# आलोपालो

## नयाँ श्रम ऐन र क्रान्तिकारी मजदुर आन्दोलन



● ईश्वर तिमिल्सिना

गत साउन २६ गते व्यवस्थापीका संसदबाट श्रम ऐन २०४८ लाई प्रतिस्थापन गरी श्रम ऐन २०७४ पारित गरेको कुरा सार्वजनिकभएको छ । राष्ट्रपतिबाट लालमोहर लागेपछि यो नयाँ ऐनले कानूनी रूपमामान्यतापाउने छ र सम्भवत यसै भाद्र महिना देखि श्रम ऐन २०७४ ले नेपालीश्रम बजारलाई नयाँआयामतर्फ डोऱ्याउनेछ । राज्यले उद्योगपतितथाश्रमिकहरूकाबीचमालामो सयम देखि चल्दै आईरहेको बहस, विवाद र संघर्षलाई यसै कानूनले परिभाषित गरेको भावनाअनुरूपआफ्नो दृष्टिकोण र रवैया अपनाउनेछ । श्रम र पूँजीबीचको अन्तर विरोधको समाधान यसै कानूनको भावना र मर्म अनुरूपअपनाउँदाश्रमिकवर्ग पूँजीपतिवर्ग बीचको पक्षधरतार त्यसले नेपालीश्रम बजार तथाश्रमिकवर्गमा पर्न जाने असर बारे विभिन्नचासो चिन्ता रचिन्तनहुनु स्वभाविक छ । यिनै चासो, चिन्ता र चिन्तनगर्ने क्रममा यो ऐन पारित भएसँगै देशका ठूला घरानाकाउद्योगपतिहरूले यो ऐनलाई ठूलो उपलब्धीबताएका छन् । ऐन बने सँगै अब नेपालमाऔद्योगिक मैत्रीकानूनको व्यवस्थाकानिमित्त राज्यपक्ष र ठूला भनिएका ट्रेड यूनियनहरू समेतले ऐन निर्माणमा खेलेको भूमिकाको सरहनागर्दै अब श्रमिक र उद्योगपतिबीचको विवादअन्त्यभएर देश औद्योगिकीकरण र समृद्धिको दिशामा अगाडि बढ्ने कुरा गरेका छन् । त्यसो त श्रम ऐन, २०४८ लाई प्रतिस्थापन गरेर नयाँश्रम ऐन निर्माण गर्नका लागि नेपालका ट्रेड यूनियनहरू जो संसदिय राजनीतिकामूख्यशक्ति नेका., एमाले, माओवादी केन्द्र अन्तर्गत निर्देशित रहेका छन् र 'संयूक्त ट्रेड यूनियन समन्वय समिति'नामक संस्थाअन्तर्गत रहेका छन् । यिनीहरूले यसकालागि झन्डै ४ वर्ष देखि अनवरत प्रत्यनगर्दै आईरहेका थिए । ती ट्रेड यूनियनहरू रपूँजीपति/उद्योगपतिहरू समेतले उन्नत र उत्कृष्ट भनिएको यो श्रम ऐनले नेपालीश्रम बजार र श्रमिकहरूको जीवनमापार्ने प्रभावबारे बहस सृजनागर्नु पर्ने आवश्यकता पैदा भएको छ ।

श्रम ऐन २०४८ लाई प्रतिस्थापन गरी नयाँ र विकसित परिस्थितिमाश्रमिकहरूको हक, हित र अधिकारलाई अझै समृद्ध गर्ने नारा लिएर झन्डै ४ वर्ष देखि यस विषयमाजोड्तोडका साथलागेका दलालतथा नोकरशाहीपूँजीपतिवर्ग र तिनका केही कठपुतली ट्रेड यूनियनहरू नयाँ ऐन निर्माण सँगै एकै स्वरमा यस ऐनले मजदुर र उद्योपतिबीचनयाँ सम्बन्धविकसितभएको र मजुदरमैत्री समेत भएको कुरा जोडतोडका साथप्रचार गरी रहेका छन् । नेपालीश्रम बजारको निर्दयीशोषण, अनिश्चित रोजगारीको अत्यास लाग्दो परिस्थितिका कारण देशको एक तिहाई भन्दा धेरै श्रम शक्तिविदेश पलायनहुनविवशभएको यथार्थलाई वेवास्ता गरेर विगत देखि श्रमिकहरू माथिभईरहेको श्रम शोषण लाई न्यायोचित र श्रमिकहरूले उठाएका आधारभूतमागका विरुद्ध दमनका साथ अगाडी बढी रहेका पूँजीपतिवर्गले नयाँ बनेको श्रम ऐनलाई मुक्तकण्ठले प्रशंसा गर्नुको पछाडि उनीहरूले भने जस्तै समानकामको समानज्याला, ८ घण्टे कार्य दिन साप्ताहिक र सार्वजनिकविदा, वार्षिक तलब वृद्धि, प्रसुति र विरामीविदालगायतकाअधिकार कानूनी रूपले सुनिश्चितभएकालाई बताएका छन् । तर उनीहरूले प्रचारमाल्याए जस्तो नयाँश्रम ऐनको विशेषतानभएर पूँजीवादीमुलुकहरूमा सय वर्ष अगाडी देखि र नेपालमाश्रम ऐन, २०४८ ले प्रदत्त गरेकै कुरा हुन् ।

खासगरी नयाँश्रम ऐन मार्फत् नेपली सस्तो श्रम दोहन गरेर अतिरिक्तपूँजीको भण्डारण गर्ने दलालपूँजीपतिवर्गको ईच्छाहरूलाई कार्यान्वयनगर्नका लागिबाधा बनेको नेपालीमजुदर आन्दोलनलाई कानूनीलगामलगाएर राज्यमार्फत् दमनगर्ने दस्तावेजको रूपमा यो ऐनले उद्योगपति र मजदुरबीचको सम्बन्ध र संघर्षको सन्तुलनकाआधारमाश्रमको मूल्यनिर्धारण गर्ने विगतका सबै आधार भत्काएर उद्योगपति र मजदुरका बीचमाकथित रोजगारदाताको नाममादलाल संयन्त्र खडा गरी दिएको छ । जसको फस्वरूप अब श्रमिकहरू कुनै कम्पनीवा कारखानामाकामगर्दछन् भने उनीहरू त्यस कम्पनीवा कारखानाप्रतिजवाफदेहि र सम्बन्धीतहुने छैनन् बरु तिफ्नोले दलालहरू प्रतिजवाफदेहि हुनुपर्ने छ, जसले मजदुर निर्यात गरिदिएवापतमजदुरहरूले प्राप्तगर्ने ज्याला/तलबको हिस्सा खाएर कथित रोजगारदाताको हैसियतप्राप्त गरेको हुन्छ । त्यो कथित रोजगारदाता त्यस बेलासम्मको लागिमात्रआफ्नो हैसियतमा हुन्छ जतिबेला सम्मकम्पनी/कारखानावाउद्योगले त्यससँग सम्झौतागर्दछन् । रोजगारदाताकुनै लगानीकर्ता उद्योगपतिवाव्यवसायीनभएर मजदुर र मालिककाबीचमा बसेर मालिकहरूलाई आइपर्ने मजदुरहरूकाजायजआवाजहरूको प्रतिरोध गर्न अगाडी सारीएकानक्कली रोजगारदातादलालहरू हुन् । तिनै दलाल संस्थाहरूले श्रमिकहरूको संगठित हुने, मागहरू राख्ने, हडताल गर्ने, स्थायीहुने लगायतकामजदुरहरूले उपभोग गर्न पाईरहेका आधारभूतअधिकार समेत लगामलगाउनकानिमित्तकानूनी रूपले अधिकार प्राप्तगर्नेछन् । फलतःश्रमिकहरू दोहोरो श्रम शोषण र अनिश्चित रोजगारीको भुमरीमाफस्ने छन् । एकातिर कथि रोजगारदाताआवधिकदलाल संस्थाहुने हुनाले तिदलालमार्फत् श्रम कार्यमा संलग्नश्रमिकहरू स्थायीहुने कुनै सम्भावनाहुदैन् । तीदलाल संस्थाहरूलाई प्राप्तकानूनीअधिकारलाई हेर्ने हो भने श्रमिकहरूको कार्य सम्पादनमूल्याङ्कनगर्ने पूर्ण एकाधिकारले कुनै पनि बेलाश्रमिकहरू कामबाट निलम्बन र निश्कासनगर्नको लागिकुनैखास कारण वावाहाना समेत खोज्न नपर्ने गरिएको छ । यो कानून बनेसँगै एकातिर श्रमिकहरू उद्योग व्यवसायसँगको प्रत्यक्ष सरोकारबाट अलगहुने छन् भने अर्कोतिर श्रमिकहरूले खडा गरेका आफ्नो अधिकारको लागि ट्रेड यूनियनहरू समेत श्रमिकहरूको पक्षमा लड्ने संस्थानभएर मजदुर र मालिकहरूकाबीचमा उठेका विवादकाविषयमामध्यस्थतागर्ने दलालको हैसियतमामात्र रहनेछन् । जूनकार्यको लागिमालिकहरूले ती र त्यस्ता संगठनहरूको जीवन्तताको लागि भरणपोषण गर्ने छन् । यस ऐनले तोके बमोजिम अब देशमाक्रियाशील ट्रेड यूनियनहरू श्रमिकहरूको हक, हित र अधिकारको पक्षमा लड्ने, आन्दोलनकर्ता नभएर कथितमध्यस्तकर्ता (दलाल) संगठनमा रूपान्तरित हुनेछन् । यहाँ स्मरणीय प्रसंग यो छ कीगतवर्ष ९ वटा ट्रेड यूनियनमहासंघका प्रनिधि मण्डल मजदुरहरूकाआधारभूतहितकाजल्दाबल्दा मुद्दा बोकेर हामीतत्कालीनश्रम मन्त्री सुर्यमानगुरुङ्गज्यूको कार्य कक्ष सिंहदरवार गएकाथियौँ । हामीअर्थात् श्रमजीवीमजदुरहरूको तीप्रतिनिधिजसले अन्तर्राष्ट्रिय श्रमिक संगठन लगायतअन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाद्वारा अगाडि बढाईएकाकथित सहायतानीतिको विरुद्धमा र नेपालीश्रमिकवर्गको आधारभूतहित र अधिकारको पक्षमाआफ्नै खुट्टामाउभिएर नेतृत्वगर्ने कोशिसमा एकताबद्ध र प्रतिबद्धता व्यक्त गरेका थियौँ । मुलतः संयुक्त ट्रेड युनियन सम्योजन समितिसँगआधारभूत रूपले असहमत रहेका श्रमिकपक्षीय ट्रेड यूनियनकाशीर्ष प्रतिनिधि मण्डलको प्रतिनिधित्वको त्यस भेटघाट तथामागपत्रको कार्य योजना सहितभएको छलफलमा नेपालीकांग्रेसको तर्फबाट श्रम मन्त्री बनेका माननीयमन्त्री समक्ष नेपालीश्रमिकहरूले श्रम ऐन २०४८ द्वारा प्रदत्तअधिकार समेत खोस्ने गरी नयाँश्रम विधयक मस्यौदा भई ऐन बन्ने प्रकृयामा अगाडी बढीरहेको स्थितिमा त्यसमाहाम्रो गम्भीर असहमति र विरोध रहेको कुरा हामीले राखेका थियौँ । जवाफमामन्त्रीज्यूले आफू समाजवादीविचारधाराको पक्षपातीभएको र श्रमिकवर्गको हितको विपक्षमाकुनैपनिकामगर्ने चाहनानभएको तर उद्वारीकरण र भू-मण्डलीकरणको हावाले नेपाली राजनीतिलाई प्रभावितपारेको कुरा बताउँदै जन-निर्वाचित सभासदहरू ट्रेड यूनियनकानेताहरू समेत नयाँश्रम ऐन निर्माण गर्न प्रयत्नशील रहेको परिप्रेक्षमाआफूले मात्रमजदुर पक्षीयश्रम ऐन निर्माण गर्न नसक्ने कुरा राख्नु भएको थियो । त्यतिबेला नै तीबयोवृद्ध श्रम मन्त्रीसिधा र सरल जवाफ सुनेर हामीफर्किएकाथियौँ ।

अन्नत : अहिले ठेक्केदारी, करार, ज्यालादारी प्रथालाई नयाँआवरणमा स्थापितगरिएको छ । दलालतथानोकरसाहीपूँजीपतिवर्गको बढ्दो प्रभावसँगै देशको राज्य प्रणाली समेत श्रमिकवर्गको विरुद्धमा खडा भएको छ । श्रमिकवर्गको अधिकारको लागि लड्न खडा भएका ट्रेड यूनियनहरू दलालपूँजीपतिवर्गका प्रवक्ताभएका छन्, जसलाई वर्तमानश्रम ऐनले कथितमध्यस्तकर्ताको भूमिकाद्वारा विभूषित गरी दिएको छ । अब तिट्रेड यूनियनहरू स्वेदशीतथाविदेशीदाताहरूको सहायता, अनुदान र पुरस्कार वापतप्राप्तहुने आर्थिक, राजनीतिक र सामाजिक हैसियतले अभिजातवर्गमाभद्दा ढंङ्गले बदलिने छन् । पूँजीपतिवर्गले मजदुरहरू माथिगर्ने सबै खाले धिचोमिचो र अत्याचारको परोक्ष सहायतागर्नु त्यस वापतलाभलिएर आफूलाई जीवित राख्नु तिनीहरूको दिनचर्या हुनेछ । अर्कोतिर श्रमिकहरूको विशाल हिस्सा दलालतथा नोकरशाहीपूँजीपतिवर्गद्वारा खडा गरिएका सबै भ्रम र चुनौतीहरूको सामनागर्दै क्रान्तिकारी मजदुर आन्दोलनको नयाँ वेग सृष्टि गर्न खडा हुनेछन् । वर्तमा न विश्वमाउद्वारीकरण र भू-मण्डलीकरणको नारा दिएर संसार भरका श्रमिकहरूको श्रमको मूल्यखोसेर दलालपूँजीले देश र नेपालीमजदुर माथि उत्पीडनका नयाँश्रृङखला सुरु गर्नका लागिमजदुर आन्दोलन भित्र घुसेर केहीसंगठनहरू समेतलाई आफ्नो कठपुतली बनाउँन सफलभएका छन् । त्यसकाविरुद्ध समेत लड्ेर नयाँआधारमाक्रान्तिकारी आन्दोलनको धारालाई सुदृढ, सबल र समक्षबनाउँदै मजदुर मुक्तिको आधार खडा गर्ने छन् । आउनुहोस् देशभक्त, जनवादी र वामपन्थीशक्तिहरूसँग एकाकार हुँदै क्रान्तिकारी मजदुर आन्दोलनको विकास र विजयकानिमित्त एकताबद्ध होऔँ ।

## आदिवासी...

संन्थालहरूले १०० बर्षको लामो संर्घष पछि ई.२००० मा "झारखण्ड स्वायत्त राज्य (प्रान्त)"को मान्यता प्राप्त गरेको छ ।

● अष्ट्रेलियाले १९९४ मा त्यहाँको आदिवासीहरूलाई भूमिमाथिको परम्परागत अधिकारको मान्यता दियो ।

● ब्राजिलले १९९६मा आदिवासी भूमिको निर्क्यौल गर्न "क्षेत्रहरू सीमाङकन गर्ने" कानुनी मान्यता दियो ।

● पेरुका आदिवासीहरूले २००९ जुन ११ तारेखका दिन अमेरिकी कम्पनिहरूलाई आफ्नो भूमिमा भएको प्राकृतिक श्रोत-साधन नदिने र आफैले संरक्षण गर्ने घोषणा गरी सशक्त आन्दोलन छेडेका थिए । आन्दोलनमा पेरुका ३३ आदिवासीको ज्यान गएको थियो । त्यस आन्दोलनबाट उनीहरूले १,७०,०००वर्ग-माइल जमिन आदिवासीको नाममा दर्ता र सीमाङकन गर्न सकेका छन् ।

अन्तर्राष्ट्रिय क्षेत्रमा आदिवासी जनजातिहरूले आफ्नो भूमि र प्राकृतिक श्रोत साधनका रक्षाका लागि संघर्ष गरेको र प्राप्ति पनि गरेको उदाहरणहरू थुप्रै छन् । नेपालका आदिवासी-जनजातिहरूले पनि उक्त उदाहरणहरूबाट पाठ सिक्नु आवश्यक छ ।

**५) नेपालको आदिवासी जनजाति आन्दोलन र ज ३ को मुद्दा**

● राज्य स्थापनाभन्दा अघिका आदिवासी जनजातिका ज ३ मा रहेका सम्बन्धहरू उनीहरूको अधिकारसंग जोडिएका मुद्दाहरू हुन । नयाँ शासकवर्गले आदिवासीको भूमिमाथि (ज ३ र प्राकृतिक श्रोत) सामन्ती भूस्वामित्व प्रथाको विकास गरेबाट उनीहरूको भू-सत्व (Communal lands) हरण भएको थियो ।

● आदिवासी जनजाति आन्दोलन स्वशासनतर्फ अघि बढेकोछ । स्वशासन भनेको आदिवासीको ज ३ र प्राकृतिक श्रोतमाथि सामुदायिक अधिकार स्थापना हो ।

● आई.एल.ओ-३६९ र सं.रा.सं.आदिवासी अधिकार सम्बन्धी विश्व घोषणापत्रको (२००७) पक्ष राष्ट्र भएकोले सो कार्यन्वयनका लागि राज्यले आदिवासीहरूको गुमेकोअधिकार फिर्ता गर्नेतर्फ कदम चाल्नु आवश्यकछ । आदिवासी जनजातिहरूको अधिकारलाई पुनः स्थापित नगरेसम्म न त देशको कृषि क्षत्रको विकास हुन्छ,न त राष्ट्रिय एकता नै मजबुत हुन सक्छ (बै.भू.सु.उ.आ. २०६६ को प्रतिवेदन)।

● सन् २००६ को ऐ.ज.आ.को बलमा बनेको नेपालको अन्तरीम संविधानले (ई.२००७)निम्न कुराहरू स्वीकार गरेकोछ ।

क) मुलुक एक धर्म निरपेक्ष,संघीय,लोकतांत्रिक, गणतंत्रात्मक राज्य बनिसकेको(चौथो संसोधन,२०३५।२।१६ )।

ख) मधेसी जनता लगायत आदिवासी जनजाति र पिछडिएका तथा अन्य क्षेत्रका जनताको स्वयत्त प्रदेशको चाहनालाईस्वीकार गरिएको... । प्रदेशहरू स्वायत्त र अधिकार सम्पन्न हुनेछन् (पाँचौं संशोधन,२०३५।३।२९)।

अन्तरिम संविधानको उक्त स्वीकारोक्तिबाट आदिवासी जनजातिलाई आत्मनिर्णयको अधिकारको सिद्धान्तको आधारमा जातीय क्षेत्रीय स्वशासन सहितको संघीयतातर्फ अघि बढ्न आधार मिलेकोछ । तर जनजातीय चेतना र संघर्ष निकै पछि परेको कारण संविधानसभा-२ को निर्वाचन पछि ठूला राजनीतिक दलहरूको नेतृत्वमा,जो हिन्दु उच्च जातवादी पृष्टपोषक छन्, आएकाले जनजातिलाई स्वशासन त के पहिचान समेत दिन तयार छैनन् ।

**६) आदिवासी जनजाति र कृषिक्रान्ति/**

● किपट जमिन रान्यद्धारा मंगोल मुलका जनजाति समुदाय विशेषलाई दिएको थियो । यो प्रथालाई १८ औं र १९औं शताब्दीमा परिवर्तन गरियो र १९६४ पछि उन्मूलन गरियो । तर पनि सन् १९५२ अघि किपट रैकर, विर्ता चरण र बन अर्न्तगतको जमिनमा विद्यमान ब्यापक सामुदायिक भूमि व्यवस्था थियो, त्यसलाई अस्वीकार गर्ने वा दबाउने काम गरियो (वाइली समेत, २०११:३४)।

● अहिले जमिन पुनर्वितरणको केन्द्रविन्दु जग्गाधनी र मोहीको सवाल मात्र भएकोछ । तर आदिवासी सम्पत्ति विद्यमान रहेको, खेतीवारी भन्दा बाहिरको, जमिनलाई अंगिकार गरिएको छैन ।

● आदिवासी समुदायहरूले सामुदायिकरूपमा भोगचलन गर्दै आएको चरिचरन,खोलानाला र बनक्षत्रको राष्ट्रियकरण (नापीद्धारा ऐलानी बनाएको) गरी यस्तो जमिनलाई राज्यको सम्पत्ति बनाइएकोछ ।

● नेपाल "जैविक विविद्यता महासभा (सिविडी) (१९९२)"मा हस्ताक्षेर गर्ने एक पक्ष देश हो । उक्त महासभाले पारित गरेको धारा ८(जे) ले आदिवासी समुदायको कृषि-ज्ञान र जैविक-विविद्यताको रक्षाको सम्मान गरेको छ । तर "बौद्धिक सम्पतिको अधिकार (आई.आर.पी.)"ले कपि राइट्स, प्याटेण्ट राइट्स, ट्रेड मार्क, प्लान्ट बृडर्स राइट्सको परिभाषा गरेकोछ तर आदिवासीको ज्ञान निश्चित समुदायको परम्परागत नीति र मूल्यमा आधारित सामुदायिक ज्ञान हुन्छ भन्ने मान्न सकेको छैन । नेपाल सरकारले पक्ष राज्य भएर पनि आदिबासीको Customary Rights लाई मान्यता दिएको छैन ।

● सामुदायिक भूक्षेत्र (Communal lands) राष्ट्रियकरण गरिएबाटः

क) बनक्षेत्रमा घुमफिर गर्ने (कृषिमा प्रवेश गरिनसकेका) सामुदाय, खोला र बनमा आधारित समुदायहरू र पसुपालनबाट जीविका गर्ने समुदायहरूको ज ३ माथिको अधिकार खोसिएकोछ ।

ख) आदिवासी जनजातिले हकभोग गर्दै आएको जग्गाजमिन नापीबाट गैर-जनजातिको अधिकारमा (राज्यको गलत नीति तथा कामकारवाहीबाट वा अन्य प्रकारको जालझेलबाट) गएका छन् ।

ग) धार्मिक गुठीको नामबाट समेत आदिवासीका जमिन कब्जा गरिएका छन् ।

● सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागु गर्ने नीति अन्तरिम संविधानमा (२०६३)परेको र "जमिन जोत्नेको"नीति वाम-बृत्तमा मात्र नभएर गैर-वाम राजनीतिमा पनि सहमति देखिन्छ । केवल मुआवजा दिने, नदिने कुरामा विवादछ । तर आदिवासीका जातीय भूमि (Communal lands) माथिको अधिकारबारे,जो गुमेकोछ, अन्तरिम संविधान र राजनीतिक पार्टीहरू बोलेका छैनन् । (आदिवासीका गुमेका भूमिमाथिको अधिकार फिर्ता गरी त्यस्ता भूमिमा सम्भब भएसम्म सामुदायिक खेती /ब्यवस्था/उद्योग गर्न प्रोत्साहन गरिनु पर्दछ) ।

● नापी या अन्य कारणबाट गैर-जनजाति वा धार्मिक (वा अन्य) संस्थामा गएको जनजातिका भूमिहरूमाथिको गुमेको अधिकार बारे बहस कम भइकोछ । पुनः स्थापना गरेर फिर्ता हुन सक्नेलाई फिर्ता गर्ने र फिर्ता हुन नसक्नेलाई क्षेतिपूर्तीको ब्यवस्था गरिनु पर्दछ । सहकारी/सामुदायिक कृषि र कृषिजन्य उद्योगमा जोड दिने र बजारमा प्रतिस्पर्धा गर्न विशेष सहुलियत प्रदान गरिनु पर्दछ ।

**७) विषय बिसाउनी**

कृषिक्रान्तिको कुरा गर्दा सामन्ती भूमि विना मुआब्जा जमिन जोत्नेको हातमा (Land to the tiller) हस्तान्तरण हुनु पर्दछ भन्नेमा जोड दिएकोछ । तर यो नाराले तबसम्म मात्र अर्थ राख्तछ, जबसम्म सामन्ती भूस्वामित्व खत्तम हँदैन । यो बुर्जुवा नारा हो । तर नेपालमा बुर्जुवा शक्ति सामन्तवादी शक्ति खत्तम गर्न सक्षम नभएकोले क्रान्तिकारी कम्युनिष्ट शक्तिले यो नारालाई उठाउँदै आएकोछ । कम्युनिष्ट र बुर्जुवा वीच के फरकछ भने पहिलोले "जसको जोत उसको पोत"लाई सहकारी, सामुहिक उत्पादनलाई समाजवादीकरणको दिशामा लैजाने कोशिष गर्दछ भने पछिल्लोले नव-उदारवाद र निजीकरणको नाममा किसानको जग्गा कब्जा गरेर ठूलठूला चक्लावन्दी(कर्पोरेट) खेती विकास गर्ने कोशिष गर्दछ । तर जनजाति आन्दोलनको दिशा स्वशासनतर्फ भएकोले भूमि वितरणको जुन तरिका बारे हामीले बहस गर्दैछौ, त्यस प्रकारको भूमिसुधारबाट वास्तविक भूमि सुधार भई उत्पादन बढ्ने,किसानहरूको हित हुने र जनजातिहरूले स्वायत्त भूमि प्राप्त गर्न सक्ने देखिदैन ।

● आदिवासी जनजातिका लागि स्वशासनको नीति भनेको जुन क्षेत्र वा ईलाकामा जुन समुदायहरू सघनरूपमा बसोबास गरेका छन्, त्यस क्षेत्र वा ईलाकालाई स्वशासन दिने हो र ती समुदायहरूलाई त्यस क्षेत्र वा इलाकाको राजनीति र विकासको जिम्मेबार पनि बनाउने हो ।

● नेपाल सरकार C.B.D को पक्ष राज्य भएकोले C.B.D-8(J)को सम्मान गर्दै आदिवासी जनजातिको कृषि र जैविक विविद्यता माथिको सामुदायिक ज्ञानको रक्षार्थ उनीहरूको "परम्परागत अधिकार"ले कानुनी मान्यता पाउनु पर्दछ ।

● तर उक्त कुराहरू संसदीय(पुँजीवादी) ब्यवस्थाबाट सम्भव छैन । सामन्ती सत्ताको स्वामित्वमा रहेको सम्पूर्ण भूमिलाई राज्यको मातहातमा राख्न, आदिवासी भूमिहरूलाई स्वशासनको अधिन ल्याउन र त्यसपछि जमिन जोत्नेको (Land to The tiller) सिद्धान्तको आधारमा जमिनको वितरण गरी विस्तारै सहकारी वा सामूहिक खेती प्रणाली मार्फत भूमि र उत्पादनको समाजवादी ब्यवस्थापनतर्फ लैजान जनवादी क्रान्तिको आवश्यकता पर्दछ । यस प्रकारको (जनवादी) भूमि व्यवस्थापनबाट अधिकतम उत्पादन र न्यायपूर्ण वितरण प्रणालीको विकास गर्न सक्तछौं ।

● अहिले नेपालमा जनजातिहरूले गणतंत्र र धर्म निरपेक्ष राज्यलाई स्थायित्व दिने र जातीय क्षेत्रीय स्वशासन सहितको संघीय संरचना निर्माण गर्ने दिशामा, जमिन जोत्नेलाई र कस्टोमरी अधिकारका लागी जुन संघर्ष गरिरहेका छन् त्यसलाई अरु सशक्त बनाउन आवश्यकछ ।

● उक्त कुराहरू पुरा गर्न क्रान्तिकारी शक्तिहरूले जनजाति आन्दोलनलाई नयाँ जनवादी क्रान्तिसँग जोड्न सक्नु पर्दछ, जुन कुरोको अभाव नै अहिलेको मूल समस्या हो ।

## तातोपानी...

बाँधका कारण गम्भीर एवं विकराल समस्या उत्पन्न भएको भनिएको छ ।

भारतले सीमा सम्बन्धि अन्तर्राष्ट्रिय कानुन उल्लंघन गरी मिचाह र हेपाहा प्रवृत्तिबाट प्रताडित नेपालीहरूको समस्या समाधानको लागि भारत सरकारसँग यथासिघ्र आवश्यक पहल लिन नेपाल सरकारसँग जोडदार मोर्चाले माग पनि गरेको छ ।

## अखिल...

पण्डितको अध्यक्षतामा ७१ सदस्यीय मुल ईकाई समिति गठन गरिएको छ । समितिको अन्य पदाधिकारीहरूमा अनिता सापकोटा, तारा बस्नेत, रूपेश रसाइली र सृष्टि चौधरी सचिवमा सुधन सेडाई, सहसचिवमा रघुनाथ के.सी., लोक बहादुर वि.क., विनोद रायमाझी, खुस्बु महर्जन, सुसान श्रेष्ठ, सोभा ताम्राकार र अनुसिल सुवेदी तथा कोषाध्यक्षमा मिजार चयन भएका छन् ।

नमूना मच्छिन्द्र माविमा मिन बहादुर राउतको अध्यक्षतामा ५१ सदस्यीय मुल ईकाई समिति गठन गरिएको छ । समितिको अन्य पदाधिकारीहरूमा उपाध्यक्षमा अनिष शर्मा, दिनेश भट्टराई, रविना देउजा, रेनुका राई र लक्की सिग्देल सचिवमा संगिता टुडु, सहसचिवमा अनिल थापा, रमा तीमलसीना र विवेक तामाङ तथा कोषाध्यक्षमा अनिश तामाङ चयन भएका छन् ।

उपत्यकाको संगठन विस्तार तथा सुदृढीकरण अभियानमा दुई वटा अभियान टोली बनेको छ । काठमाडौमा सहसंयोजक राम नेपालीको कमाण्डमा बनेको टोलीमा कार्यालय सदस्यहरू पेसल दाहाल र शिलु न्यौपाने, काठमाडौ जिल्ला अध्यक्ष महेश श्रेष्ठ, केन्द्रीय सदस्य लक्ष्मण श्रेण्ठ र कार्यालय सचिव अशोक के.सी. उक्त अभियानमा सरिक छन् । ललितपुर-भक्तपुरमा सहसंयोजक विष्णु नेमाङको कमाण्डमा ललित जंग थापा, ज्ञानु खतिवडा, तिर्थ राई, ईश्वरी गुरागाई, नरेश विष्ट, खेम राज पोखरेल लगाइतको टोली खटिएको छ । नेपालको शिक्षा क्षेत्रमा मौलाउदै गएको नीजिकरण, व्यापारिकरण, विदेशीकरण र माफियाकरणको विरुद्धमा संघर्षमा उत्रेको अखिल (क्रान्तिकारी) ले संगठन विस्तार तथा सुदृढीकरण अभियानलाई पनि तिब्रता दिएको छ ।

## देजमो प्रदेश नं. ४ गठन



काठमाडौं । श्रीनाथ अधिकारीको उपस्थितिमा देजमो प्रदेश नं. ४ को बैठक सम्पन्न भएको छ । यही साउन ३२ गते सम्पन्न भएको बैठकमा केशबहादुर परियारको संयोजकत्वमा २५ सदस्यीय समिति गठन गरेको छ ।

२५ सदस्यीय कमिटीमा ५ जना पछि थप गरिने गरी गरिएको समितिमा सचिवमा भीमबहादुर श्रीस रहेका छन् । अन्य सदस्यहरूमा सुशीला थापा, कल्पना थापा, बाबुराम सुवेदी, कृष्ण कट्टेल, तिलक अधिकारी, नेत्र रानाभाट, शान्तबहादुर भुजेल, देवी थापा राजेन्द्र तमु, अगन वि.क., बमबहादुर छन्त्याल, परशुराम कोइराला, छवि घले, काजीबाबु श्रेष्ठ, तेजेन्द्र पौडेल, बेनीबहादुर थापा, प्रितम सिंह फाल मगर, गीता पाण्डे रहेका छन् ।






**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।